का.जि.प्र.का.द.नं. १००/०७२/६०

२६ फागुन २०८१,
सोमबार
10 March, 2025
Monday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक ३६ । पृष्ठ १०   Madhyanha National Daily   www.madhyanhadaily.com

# गरिबलाई महँगो चुनाव

## उम्मेदवार घटाउन धरौटी रकम बढाउँदै सरकार

प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तह ३ वटै निर्वाचनमा उम्मेदवारहरूको संख्या कम गर्ने रणनीतिअन्तर्गत उम्मेदवारी दर्ताको धरौटी रकम बढाउने सरकारको प्रस्ताव छ

### उम्मेदवारहरूको प्रस्तावित धरौटी रकम

- वडा सदस्य : १,०००/-
- वडा अध्यक्ष : १०,०००/-
- गाउँपालिका अध्यक्ष : १५,०००/-
- गाउँपालिका उपाध्यक्ष : १२,०००/-
- नगरपालिका प्रमुख : २५,०००/-
- नगरपालिका उपप्रमुख : २०,०००/-
- महागर प्रमुख : ४०,०००/-
- महागर उपप्रमुख : २५,०००/-
- उपमहानगर प्रमुख : ४०,०००/-
- उपमहानगर उपप्रमुख : २५,०००/-

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २५ फागुन ।

हरेक पटक निर्वाचनका बेला डमी उम्मेदवारको विषय चर्चामा आउँछ । चुनावी खर्च र प्रचारप्रसारका साथै अर्को दह्रिलो उम्मेदवारको मत घटाउने नीतिअन्तर्गत डमी उम्मेदवार खडा गर्ने अभ्यास रहेको पाइन्छ । तर, यो प्रवृत्तिलाई समस्याका रूपमा लिएर निर्वाचन आयोगले नियमनका लागि सरकारसँग आग्रह गर्दै आएको छ ।

निर्वाचन आयोगको सुझावसमेतका आधारमा गृह मन्त्रालयले तयार पारेको निर्वाचनसम्बन्धी एकीकृत ऐनको मस्यौदामा ३ वटै तहका निर्वाचनमा उम्मेदवारको संख्या घटाउने रणनीतिअन्तर्गत धरौटी रकम बढाउने प्रस्ताव गरेको छ ।



> पैसा नभएका व्यक्तिले चुनाव लडन नसक्ने हुन् कि भन्ने छ । उम्मेदवारको संख्या अधिक भएको भन्ने पनि छ ।
>
> **सिर्जना काफ्ले**
> सामाजिक अभियन्ता

गृह मन्त्रालयले अगाडि बढाएको मस्यौदामा हाल रहेको उम्मेदवारी दर्ताको धरौटी रकममा उल्लेख्य वृद्धिको प्रस्ताव गरेको छ ।

वडा सदस्यको उम्मेदवारका लागि ५०० रुपैयाँ धरौटी रकम राख्नुपर्ने व्यवस्था छ । यसलाई बढाएर १ हजार पुऱ्याउने प्रस्ताव छ । वडा अध्यक्षको उम्मेदवारका लागि हाल १ हजार रकम धरौटी रकम राख्नुपर्ने व्यवस्था छ । यसलाई बढाएर १० हजार पुऱ्याउने प्रस्तावित व्यवस्था छ ।

गाउँपालिका अध्यक्ष र उपाध्यक्षका लागि १५/१५ सय रकम धरौटी राख्नुपर्ने प्रावधान बदलेर अध्यक्षका लागि १५ हजार र उपाध्यक्षका लागि १२ हजार पुऱ्याउने भनिएको छ ।

नगरपालिका प्रमुख र उपप्रमुखका लागि पनि १५/१५ सय रुपैया धरौटी रकम राख्नुपर्ने प्रचलित व्यवस्था छ । यसलाई बढाएर नगर प्रमुखका लागि २५ हजार र नगर उपप्रमुखका लागि २० हजार धरौटीको रकम पुऱ्याउने प्रस्ताव छ ।

महागरपालिका र उपमहानगरपालिकाका प्रमुख र उपप्रमुखका लागि १५/१५ सय धरौटी रकम राख्नुपर्ने प्रचलित प्रावधान छ । यसलाई बढाएर महागरपालिका र उपमहानगरपालिकाका प्रमुखका लागि ४० हजार र उपप्रमुखका लागि २५ हजार पुऱ्याउने प्रस्ताव छ ।

प्रदेशसभा सदस्यका लागि प्रत्यक्षतर्फ ५ हजार धरौटी रकम राख्नुपर्ने प्रावधानलाई बढाएर ३० हजार पुऱ्याउने सरकारी प्रस्ताव छ । प्रतिनिधिसभा सदस्यका लागि प्रत्यक्षतर्फ १० हजार धरौटी रकम राख्नुपर्ने प्रावधानलाई बढाएर ४० हजार पुऱ्याउने प्रस्ताव प्रस्तावित मस्यौदामा छ । समाजिक अभियन्ता सिर्जना काफ्ले

पृष्ठ २ मा

# व्यवस्था रक्षाको चिन्ता

> विचार तथा अभिव्यक्ति स्वतन्त्रता सबैलाई छ । संविधानले दिएको स्वतन्त्रतालाई सबै नागरिकले प्रयोग र उपयोग गर्न पाउँछन् । यस्ता कुरालाई धेरै महत्त्व दिइरहनुपर्ने छैन
>
> **विश्वप्रकाश शर्मा**
> महामन्त्री, नेपाली कांग्रेस

> नेपाली जनताले प्रयोग गरेर असफल भइसकेको व्यवस्थालाई दलहरूले मुख्य एजेन्डा बनाइरहन आवश्यक छैन
>
> **प्रदीप ज्ञवाली**
> उपमहासचिव, नेकपा एमाले

> संविधानत: चालिने कदमलाई अन्यथा भन्न मिलेन तर संविधानविरोधी गतिविधि र पश्चगामी बाटोलाई स्वीकार गर्न सकिँदैन । त्यसका विरुद्धमा माओवादी उभिन्छ
>
> **देवप्रसाद गुरुङ**
> महासचिव, नेकपा (माओवादी केन्द्र)

> कांग्रेस, एमाले र माओवादीले पछिल्लो समय गरेका गम्भीर त्रुटि र चिनीहरूको अकर्मण्यताको उपज हो राजावादीको चलखेल
>
> **मनीष सुमन**
> प्रवक्ता, जनता समाजवादी पार्टी नेपाल



*पूर्वराजा ज्ञानेन्द्र शाहको स्वागतमा राप्रपा, राप्रपा नेपालसहित राजावादीहरूले आइतबार काठमाडौंमा गरेको प्रदर्शन ।* ***फोटो : मध्यान्ह***

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २५ फागुन ।

१८ वर्षअघि प्राप्त भएको संघीय लोकतान्त्रिक गणतन्त्र जोगाउने विषयमा गणतन्त्रवादी शक्तिहरू चिन्तित बनेका छन् । तत्कालीन ७ दल र माओवादीको संयुक्त जनआन्दोलनको बलमा राजसंस्था फालेर गणतन्त्रको घोषणा भएको डेढ दशकपछि फेरि राजावादीहरूको चलखेल बढेसँगै गणतन्त्र पक्षधरहरू एकाकार हुने तयारीमा जुटेका हुन् ।

लोकतन्त्रमा स्वतन्त्र रूपमा हिँडडुल गर्ने, राजनीतिक गतिविधि गर्न पाउने र अभिव्यक्ति स्वतन्त्रताको अधिकार जो कोही नागरिकको हुन्छ । यसैको उपयोग गर्दै पूर्वराजा ज्ञानेन्द्र शाह पोखराबाट काठमाडौं आउँदा उनका समर्थकहरूले निकै तामझाका साथ स्वागत गरे ।

राजावादीहरूको यो दृश्यलाई हेरेर गणतन्त्रवादी दलहरू सतर्क बन्नुपर्ने बताउँदै आएका छन् । राजावादीको चलखेलप्रति अन्य राजनीतिक दलहरूभन्दा संसद्को प्रमुख प्रतिपक्षी दल नेकपा (माओवादी केन्द्र) अत्तालिएको देखिन्छ । सो दलले पार्टीको तराई-मधेश जागरण अभियान नै छाडेर काठमाडौं केन्द्रित भएको छ ।

संसद्मा प्रतिनिधित्व गर्ने राप्रपाबाहेक प्राय: सबै दलहरू राजावादीहरूको चलखेलप्रति सचेत देखिएका छन् ।

सोही विषयलाई लिएर नेकपा (माओवादी केन्द्र)ले सोमबार पार्टीको बैठक बस्ने र थप निर्णय गर्ने बताएको छ । माओवादी केन्द्रका महासचिव देवप्रसाद गुरुङले संघीय लोकतान्त्रिक गणतन्त्र र संविधानको विरुद्धमा प्रतिगमनको पक्षमा जाने कुरालाई मान्न नसकिने बताए ।

यस विषयमा सोमबार पार्टीको बैठकले आधिकारिक धारणा सार्वजनिक गर्ने भन्दै गुरुङले भने, 'संविधानत: चालिने कदमलाई अन्यथा भन्न मिलेन

पृष्ठ २ मा

# राजा फर्केको विश्व इतिहास

> गणतन्त्रपछिका सरकारले आशाअनुरूप काम गर्न नसकेका नागरिकमा महसुस हुँदै जाँदा धेरैले वैकल्पिक शक्ति खोजिरहेका छन् । राजनीतिक रूपमा वैकल्पिक शक्ति नपाउँदा कतिपय राजतन्त्रको विकल्पतर्फ मुखरित भएका हुन्

**निमिष झा/मध्यान्ह**
काठमाडौं, २५ फागुन ।

पछिल्ला केही दिनदेखि 'अपदस्थ' भइसकेको राजतन्त्र पुनर्वहालीको माग राख्दै पक्ष/विपक्षमा बहस चलिरहेको छ । राजतन्त्रको पुनर्वहालीको माग गर्दै ठाउँठाउँमा ऱ्याली र सभाहरू पनि भएका छन् ।

सडकदेखि सदनसम्म राजतन्त्र पुनर्स्थापनाको विषयले चर्चा पाउन थालेको छ । ६ फागुनमा ७५औं प्रजातन्त्र दिवसको पूर्वसन्ध्यामा पूर्वराजा ज्ञानेन्द्र शाहले जारी गरेको भिडियो सन्देशपछि देशको राजनीतिक महोल गर्माएको छ । सन्देशमा उनले राजनीतिक दलहरू असफल भएका आरोप लगाउँदै एकता र समृद्धिका लागि आफूलाई साथ दिन आह्वान गरेका थिए ।

एकथरिले 'श्मशानघाट'मा पुगिसकेको राजतन्त्र फर्कनै नसक्ने बताइरहेका छन् भने अर्काथरि 'जनताको नासो' फिर्ता हुनुपर्ने तर्क गरिरहेका छन् ।

केही समययता राजावादीहरूले राजतन्त्र पुनर्स्थापनाको माग उचालेका छन् । पूर्वपञ्चहरूको पार्टी राप्रपा, राप्रपा नेपाललगायत हिन्दुवादी संगठन र राजावादी समूहहरूले राजतन्त्र पुनर्स्थापनाको माग गरिरहेका छन् ।

१ महिनादेखि पोखरामा रहेका पूर्वराजा शाह आइतबार काठमाडौं फर्किएपछि उनलाई त्रिभुवन विमानस्थालमा राप्रपा, राप्रपा नेपालसहित राजावादी समूहहरूले स्वागत गर्दै उनको निवास निर्मल निवाससम्म पुऱ्याएका थिए ।

राजावादीहरूले शक्ति प्रदर्शन गरी नेपालमा राजतन्त्रको पक्षमा माहोल बनाउँदै पूर्वराजा शाहलाई नारायणहिटीमा पुनर्स्थापित गर्ने सम्भावना रहेको भन्ने सन्देश दिन खोजेका छन् । २०६२/०६३ सालपछि राजनीतिक व्यवस्था परिवर्तन भएर

पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# राष्ट्रिय श्रम तथा रोजगार सम्मेलन सुरु हुँदै

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ फागुन ।

आन्तरिक रोजगारीमा वृद्धि गरी वैदेशिक रोजगारीमाथिको बढ्दो निर्भरता कम गर्ने मुख्य लक्ष्यसहित राष्ट्रिय श्रम तथा रोजगार सम्मेलन सुरु हुँदै छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीले सोमबार राजधानीमा उद्घाटन गर्ने तय भएको पाँचौं राष्ट्रिय श्रम तथा रोजगार सम्मेलन मूलत: नेपालमा श्रम शक्तिको उपयोग गर्न सिर्जनात्मक रोजगारी बढाउने क्षेत्रको पहिचान तथा प्रवर्द्धन र वैदेशिक रोजगारीबाट प्राप्त सीप, ज्ञान र पुँजीको यथोचित प्रयोगमा केन्द्रित रहने श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जनाएको छ ।

सम्मेलनका लागि श्रम सचिव डा. कृष्णहरि पुष्करको संयोजकत्वमा मूल समारोह समिति बनाइएको छ । सम्मेलनका लागि 'उत्पादन र उत्पादकत्व विस्तार, आन्तरिक रोजगारीको दिगो आधार' नारा तय गरिएको छ ।

सम्मेलनमा रोजगारी सिर्जना गर्ने भूमिकामा रहेका नेपाल उद्योग बाणिज्य महासंघ, नेपाल होटल संघ, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ, ट्रेड युनियन प्रतिनिधि, नेपाल सुन-चाँदी व्यवसायी संघ, रिटर्नी कामदारलगायत करिब ३ दर्जन संस्था र विज्ञहरूसहित ५०० जनाको सहभागिता रहने पनि मन्त्रालयले जनाएको छ ।

मंगलबार समापन हुने सम्मेलनमा आन्तरिक रोजगारी सिर्जनाका लागि सम्भावित क्षेत्रको पहिचान र प्रवर्द्धन, नेपालमा रोजगार सेवा तथा सुविधाको विकास र विस्तार, श्रम आप्रवासन व्यवस्थापनका विविध आयामहरू, वैदेशिक रोजगारीमा लैंगिक मुद्दाहरू, वैदेशिक रोजगार व्यवसायका चुनौती र सुधारसहित प्राप्त पुँजी प्रविधिको उत्पादनमा प्रयोग, सूचना प्रविधिको विकासमा नेपालको संभावना र रोजगारी सिर्जना शीर्षकमा आधा दर्जन बढी प्यानल छलफल गरिने तयारी छ ।

मन्त्रालयले आन्तरिक रोजगारीको वृद्धिका लागि यसअघि २०५४, २०६१, २०६९ र २०७६ साल गरी ४ पटक श्रम तथा रोजगार सम्मेलन गरिसकेको छ । तर, कोरोना भाइरस (कोभिड- १९) को विश्वव्यापी महामारीले

पृष्ठ २ मा

## महिला व्यवसायीलाई मञ्चको सम्मान



**काठमाडौं/मस-** नेपाल वैदेशिक रोजगार व्यवसायी महिला संघको नवनिर्वाचित कार्यसमितिलाई वैदेशिक रोजगार व्यवसायी प्रगतिशील मञ्च नेपालले सम्मान गरेको छ । आइतबार बाग्मती प्रदेशकी पूर्व

पृष्ठ २ मा



मध्यान्ह
www.madhyanhadaily.com
२६ फागुन २०८१ सोमबार
10 March 2025, Monday

# सार्वजनिक सुनुवाइमा जनताले फुकाए गुनासाका पोका

**बिनोद निगम/मध्यान्ह**
नवलपरासी, २५ फागुन



पश्चिम नवलपरासीको प्रतापपुर गाउँपालिकाले स्थानीय तहको पारदर्शिता, सेवा प्रवाह सुधार, तथा नागरिकका गुनासा सम्बोधन गर्ने उद्देश्यले सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न गरेको छ ।

सार्वजनिक सुनुवाइ कार्यक्रममा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्षहरू, स्थानीय बासिन्दा, नागरिक समाजका प्रतिनिधिहरू, तथा अन्य सरोकारवालाहरूको उपस्थिति रहेको थियो । नागरिकहरूले शिक्षा, स्वास्थ्य, सडक, खानेपानी, कृषि, र रोजगारीका अवसरजस्ता विषयमा आफ्ना समस्या र सुझावहरू राखेका थिए । प्रतापपुर गाउँपालिका का कर्मचारीहरु नागरिकप्रतिपूर्ण जवाफदेही हुनुपर्ने र नागरिकको काम गर्दा काँधमा जिम्मेवारी हृदयमा इमानदारीलाई शिरोधार्य गर्न आग्रह गरेका थिए । सार्वजनिक सुनुवाइ कार्यक्रममा पालिकाको शाखा सम्बन्धी उठेका प्रश्नहरुलाई शाखा प्रमुखहरुले जवाफ दिएका थिए ।

कार्यक्रमको अध्यक्षता गरिरहेका प्रतापपुर गाउँपालिकाका अध्यक्ष उमेशचन्द्र यादवले पालिकाबाट सहयोग हुँदै आएको तथा विद्युत्, सडक, खानेपानीको क्षेत्रमा पालिकाले प्राथमिकताकै आधारमा अगाडि बढिरहेको बताए । उनले जनताको माग बमोजिम दमकलको व्यवस्थालाई आउँदो आर्थिक वर्षभित्रै व्यवस्थापन गरिने र उत्कृष्ट पत्रकारिता पुरस्कारलाई अविलम्ब लागू गरिने बताए ।

सार्वजनिक सुनुवाइ कार्यक्रममा प्रतापपुर गाउँपालिका उपाध्यक्ष मान कुमारी चौधरीले न्याय सेवालाई परिवार, व्यक्ति समक्ष पुऱ्याउन न्यायिक समिति प्रतिबद्ध रहेको विचार व्यक्त गर्दै भरपर्दो र विश्वासनीय ढंगको न्याय सेवालाई नागरिक समक्ष पुऱ्याइने धारणा राखेकी थिइन् । सार्वजनिक सुनुवाइ कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत अर्जुन चौधरीले चालू आर्थिक वर्षमा भएको प्रगति विवरणलाई सार्वजनिक गर्दै चालू आर्थिक वर्ष ०८१/०८२ मा भएको चालू र पुँजीगत खर्चबारे जानकारी दिँदै पालिकाको सेवाप्रति कुनै गुनासो भएमा निर्धक्क रुपमा अवगत गराउन आग्रह गरेका थिए ।

कार्यक्रममा सहभागी भएका नागरिकहरूले यस्ता कार्यक्रमले स्थानीय सरकार र जनताबीच विश्वास बढाउने तथा सेवामा पारदर्शिता ल्याउन मद्दत गर्ने बताएका थिए ।

# आर्थिक हिनामिना गरेपछि जनमतका कोषाध्यक्ष निलम्बित



**काठमाडौं/मस**–जनमत पार्टीले कोषाध्यक्ष सुरेन्द्र नारायण यादवलाई कारबाही गरेको छ । सप्तरीका उनलाई आर्थिक हिनामिना तथा ठगी गरेको आरोपमा स्पष्टीकरणसँगै जिम्मेवारीबाट पनि निलम्बन गरिएको छ ।

यादवमाथि पार्टीको केन्द्रीय अनुशासन समिति सदस्य सचिव अनिता कुमारी मण्डलले २१ फागुनमा विभिन्न आरोप लागेको भन्दै ४ बुँदे स्पष्टीकरण सोधेकी थिइन् । यादवमाथि पदीय जिम्मेवारी राम्रोसँग निर्वाह नगरेको, नियमित पार्टी काम छोडेर अमेरिका, कतार र अन्य देश घुम्न गएको पनि आरोप लागेको छ । यादवले पार्टीका महत्वपूर्ण बैठकमा समेत भाग लिन छोडेको जनाइएको छ । स्पष्टीकरणको पहिलो बुँदामै यादव पार्टीको केन्द्रीय सचिवालय बैठकमा समेत लगातार महिनौंसम्म अनुपस्थित भएको उल्लेख छ । नेतृत्वलाई पार्टीको हिसाब नबुझाउने र हरेपटक हिसाब हेरफेर गर्ने गरेको आरोप पनि यादवमाथि छ ।

उनीमाथि २०७९ को निर्वाचनमै पार्टीका अध्यक्ष डा.सीके राउतलाई हराउने उद्देश्यले भूमिका निर्वाह गरेको पनि आरोप लागेको थियो । उनीमाथि पार्टीभित्र गुटबन्दी गरेको र विभाजनका लागि प्रयत्न गरेको अर्को आरोप लागेकोबारे पनि स्पष्टीकरण सोधिएको छ ।

पार्टीले लगानी शेयर तथा लेबीको नाममा करोडौं रकम उठाई काठमाडौंको कोटेश्वरमा घर किनेर प्रवासी होटल चलाएको आरोप पनि उनलाई लागेको छ ।

जनकपुरधाममा घर तथा स्कुल सञ्चालनसहित विभिन्न कारोबार गरेको आरोपबारे पनि स्पष्टीकरण सोधिएको हो ।

यादवले पार्टीको विधान २०७५ को धारा ३९ (क) को उपाधारा १, २, ३, ४, ५, ६, ८, १०, १३, १४ उल्लंघन गरेकोले किन कारबाही गर्न नपर्ने हो भनेर ७ दिने स्पष्टीकरण सोधिएको हो । यो कारबाही प्रक्रिया चलुन्जेल उनलाई कोषाध्यक्षको जिम्मेवारीबाट पनि हटाइएको जनमतले जनाएको छ ।

# खापरदेव क्याम्पसमा स्ववियू निर्वाचन स्थगित

**सत्यराज सिंह/मध्यान्ह**
बझाङ, २५ फागुन

बझाङको खापरदेव क्याम्पसमा स्ववियू निर्वाचन स्थगित गरिएको छ ।

त्रिभुवन विश्वविद्यालय अन्तर्गतका क्याम्पसहरूमा आगामी चैत ५ गतेको स्ववियू निर्वाचनको कार्यक्रम अर्को सूचना प्रकाशित नहुँदा सम्मका लागि स्थगित गरिएको क्याम्पस प्रमुख रमेशबहादुर सिंहले जानकारी दिए । खापरदेव क्याम्पसमा विद्यार्थीहरुले समयमै भर्ना नगरेपछि स्ववियू निर्वाचनको तयारी पूरा हुन नसकेको सिंहको भनाइ छ ।

क्याम्पस व्यवस्थापन समितिको फागुन २४ गतेको बैठकमा स्ववियू निर्वाचनलाई वैधानिक र नियमअनुसार सम्पन्न गर्न अर्को सूचना प्रकाशित नगरी निर्वाचनको कुनै कार्यक्रम अगाडि बढाउन नसकिने जनाएको छ । सोही निर्णयको आधारमा स्वबियु निर्वाचन सम्वन्धि क्याम्पसका सबै कार्यक्रमहरू स्थगित गरिएको क्याम्पस व्सस्थापन समिति अध्यक्ष दिपेन्द्रबहादुर सिंहले बताए ।

क्याम्पस प्रमुख रमेशबहादुर सिंह र क्याम्पस व्यवस्थापन समिति अध्यक्ष दिपेन्द्रबहादुर सिंहद्वारा फागुन २४ गते जारी गरिएको सूचनामा, भर्ना प्रक्रिया पूर्ण नभएका कारण क्याम्पसको स्ववियू निर्वाचन स्थगित गरिएको उल्लेख गरिएको छ ।

## गरिबलाई...

उम्मेदवारी दर्ताको धरौटी रकम बढाउने विषयमा २ धार रहेको बताउँछिन् । 'पैसा नभएका व्यक्तिले चुनाव लड्न नसक्ने हुन् कि भन्ने छ । उम्मेदवारको संख्या अधिक भएको भन्ने छ । यसमा थप छलफल आवश्यक छ', शनिबार ललितपुरमा आयोजित एक कार्यक्रममा उनले भनिन् ।

सरकारी अधिकारीहरू भने डमी उम्मेदवार खडा गर्ने प्रवृत्ति रोक्नेगरी प्रस्ताव आएको बताउँछन् । प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तह ३ वटै चुनावमा उम्मेदवारी दर्ता गर्दा राख्नुपर्ने धरौटी रकम बढाए डमी उम्मेदवार खडा गर्ने प्रवृत्ति कम हुने उनीहरूको विश्वास छ ।

## व्यवस्था...

तर संविधानविरोधी गतिविधि र पश्चगामी बाटोलाई स्वीकार गर्न सकिँदैन । त्यसका विरुद्धमा माओवादी उभिन्छ ।'

तर, संसद्को सबैभन्दा ठूलो दल नेपाली कांग्रेसले राजा र राजावादीहरूको गतिविधिका विषयलाई धेरै महत्त्व नदिएको जनाएको छ । 'हिँडडुल गर्ने स्वतन्त्रता यो संविधाननले दिएको छ', नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले भने, 'विचार तथा अभिव्यक्ति स्वतन्त्रता सबैलाई छ । यसमा नेपाली कांग्रेस जस्तो लोकतान्त्रिक पार्टीले ठूलो कुरा मान्दैन । संविधानले दिएको स्वतन्त्रतालाई सबै नागरिकले प्रयोग र उपयोग गर्न पाउँछन् । यो व्यवस्थाको सौन्दर्य नै यही हो । यस्ता कुरालाई धेरै महत्त्व दिइरहनुपर्ने छैन ।'

अन्त्य भइसकेको राजतन्त्र फेरि फर्कन्छ भन्नु बेकारको कुरा भएको उनको टिप्पणी छ । यद्यपि, गणतन्त्रवादी नेताहरूको गतिविधिप्रति आमनागरिकमा असन्तुष्टि जागेको विश्लेषकहरू बताउँछन् ।

राजनीतिक दलहरूले लोककल्याणकारी राज्य र समाजवादको नारा दिएर जनतामा गए पनि ती विषयलाई छाडेर माफियागिरीतर्फ लागेका कारण अहिलेको अवस्था आएको विश्लेषक विष्णु पन्थीले बताए । राजनीतिक दलहरूकै कारण पूर्वराजा र राजावादीहरूको चलखेल बढेको उनको भनाइ छ ।

'राजाको आकांक्षा बढेको कुरालाई गत ६ फागुनको वक्तव्यले देखाइसकेको छ', उनले भने, 'अहिलेका राजनीतिक दलहरू एक ठाउँ भए भने जनआक्रोश बढ्छ । राजासँग जनता गए भन्ने होइन, तर राजनीतिक दलसँग नागरिक टाढिँदै गएका हुन् ।' दलहरूले आफूलाई परिवर्तन गर्न सकेनन् भने कसैका हातमा राजनीति रहन नसक्ने उनको भनाइ छ ।

दलहरूले राजासँग २ पटक सम्झौता गरेका भन्दै एमालेले भ्रमको खेती नगर्न राजाका समर्थकहरूप्रति टिप्पणी गरेको छ । एमालेका उपमहासचिव प्रदीप ज्ञवालीले यो घटनालाई लिएर धेरै तरंगित हुनुपर्ने कारण नरहेको बताए । यद्यपि, एमालेले अनौपचारिक बैठक बसेर यस विषयमा समीक्षा गरेको छ ।

'हामीले पार्टीको अनौपचारिक छलफल गरेर यो विषयमा समीक्षा गरेका छौं', उनले भने, 'बैठकमा यो विषयलाई लिएर धेरै तरंगित हुनुपर्ने कारण नरहेको निष्कर्ष निकाल्यौं । २४० वर्षसम्म प्रयोग गरेको राजतन्त्रलाई दलहरूले २ पटक संझौता गरेर प्रयोग गर्दा असफल भएको हो । नेपाली जनताले प्रयोग गरेर असफल भइसकेको व्यवस्थालाई दलहरूले मुख्य एजेन्डा बनाइरहन आवश्यक छैन ।'

मधेशकेन्द्रित दलले भने वर्तमान सरकार र ठूला दलहरूका गतिविधिका कारण राजावादीको पछिल्लो हर्कत देखिएको टिप्पणी गरेका छन् । जनता समाजवादी पार्टी नेपालका प्रवक्ता मनीष सुमनले ठूला दलका कारण यो अवस्था आएको बताए ।

'कांग्रेस, एमाले र माओवादीले पछिल्लो समय गरेका गम्भीर त्रुटि र यिनीहरूको अकर्मण्यताको उपज हो राजावादीको चलखेल', उनले भने, 'संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा गरेर यसका उपलब्धिलाई संस्थागत गर्दै जानुको विकल्प नै छैन । लोकतन्त्रको विकल्प लोकतन्त्र नै हो, अरू कुनै हुन सक्दैन ।'

राजावादीहरूको पछिल्लो गतिविधि पानीको फोका जस्तो भएकाले धेरै दिन नटिक्ने हुँदा यसबाट आत्तिनुपर्ने कुनै कारण नभएको उनको भनाइ छ । राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले देशमा प्रतिगमनको खतरा बढेका बेला गणतन्त्र र धर्मनिरपेक्षता पक्षधर शक्तिको कार्यगत एकता वा गठबन्धनको आवश्यकता औंल्याए । 'गणतन्त्रवादीहरूबीच राजावादीको चलखेलका विरुद्ध कार्यगत एकता गर्नुपर्ने अवस्था आएको छ', केसीले विज्ञप्ति नै जारी गर्दै भनेका छन् ।

## राजा...

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भए पनि नागरिकको अवस्था खस्किँदै गएपछि जनतामा निराशा छाउन थालेको छ । यो व्यवस्था ल्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेका दलहरूप्रति आमनागरिकको असन्तुष्टि बढेको छ ।

गणतन्त्र घोषणा भएपछि बारम्बार सरकार परिवर्तन, भ्रष्टाचार र अस्थिरताका कारण पूर्वराजाप्रति भरोसा बढेको र दलहरूप्रति विश्वास गुमेको विश्लेषण गरिँदै छ ।

यद्यपि, नयाँ संविधानमा धर्मनिरपेक्षता राखिएसँगै केही धार्मिक समूहहरू भने नेपाललाई हिन्दु राष्ट्रका रूपमा पुनर्स्थापित गर्दै राजसंस्थालाई नै फर्काउने अभियानमा छन् ।

गणतन्त्रपछिका सरकारले आशाअनुरूप काम गर्न नसकेका नागरिकमा महसुस हुँदै जाँदा धेरैले वैकल्पिक शक्ति खोजिरहेका छन् । राजनीतिक रूपमा वैकल्पिक शक्ति नपाउँदा कतिपय राजतन्त्रको विकल्पतर्फ मुखरित भएका हुन् ।

राजतन्त्रको अन्त्य हुनुमा तत्कालीन राजा ज्ञानेन्द्र शाहको सत्ताप्रतिको आशक्ति, प्रत्यक्ष शासन असफल हुनुलगायत कारण मुख्य छन् ।

त्यस्तै, १९ जेठ २०५८ को नारायणहिटी दरबार हत्याकाण्ड जस्ता घटनाले पनि राजसंस्थाको साख गुमेको थियो भने सर्वसाधारणले राजपरिवार देशको भन्दा पनि भोग विलास, मोज मज्जा र शासन हत्याउन जस्तोसुकै हतकण्डा अपनाउन पछि नपर्ने रूपमा लिएकाले तत्कालीन समयमा राजसंस्थाविरुद्ध राष्ट्रव्यापी माहोल बनेको थियो ।

करिब २४० वर्षे शाह वंशीय राजतन्त्र १५ जेठ २०६५ मा विधिवत् रूपमा अन्त्य भएको थियो । १० वर्षे जनयुद्ध र २०६२/०६३ सालको जनआन्दोलनले राजतन्त्र अन्त्य गर्दै नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको थियो । तर, पछिल्लो समय केहीले राजतन्त्र पुनर्स्थापनाको वकालत गर्दै आएका छन् ।

संविधानविद्हरू संवैधानिक रूपमा राजा फर्किने सम्भावना नरहेको बताउँछन् । त्यस्तै, राजनीतिशास्त्रीहरू राजनीतिक परिवर्तनका माध्यमबाट पनि राजसंस्था पुनर्स्थापित हुन सक्ने नदेखिने बताउँछन् । तर, राजावादीहरूले यी दुवै तर्कलाई बेवास्ता गर्दै राजसंस्था पुनर्स्थापित हुने भन्दै आए पनि कसरी पुनर्स्थापित हुने भन्ने विषयमा मौन छन् ।

### राजसंस्था पुनर्स्थापितको यस्तो छ इतिहास

नेपालमा राजसंस्था पुनर्स्थापना हुने वा नहुने बहस जारी रहँदा विश्व इतिहासमा राजसंस्था पुनर्बहाली भएका घटना पनि छन् । इतिहासमा विभिन्न समयमा विश्वका कतिपय देशमा राजतन्त्र पुनर्स्थापित भएको पाइन्छ ।

बेलायतमा सन् १६४९ मा राजा चार्ल्स प्रथमको मृत्युदण्डपछि ओलिभर क्रमवेलको नेतृत्वमा गणतन्त्र स्थापना भएको थियो । क्रमवेलको मृत्युपछि राजनीतिक अस्थिरता बढ्दा सन् १६६० मा राजा चार्ल्स द्वितीयलाई पुनः सिंहासनमा ल्याइयो । यो घटनालाई इतिहासमा 'द रेस्टोरेसन' (पुनर्स्थापना) भनेर चिनिन्छ ।

यस्तै, फ्रान्सेली राज्य क्रान्ति (सन् १७८९-सन् १७९९) पछि नेपोलियन बोनापार्टले शक्ति हातमा लिएका थिए । तर, सन् १८१४ मा नेपोलियन पराजित भएपछि राजा लुई १८औंलाई गद्दीमा पुनर्स्थापित गरियो ।

सन् १८१५ मा नेपोलियनले पुनः सत्ता हात पार्न खोजे तर वाटरलु युद्धमा पराजित भएपछि राजतन्त्र पुनः स्थापित भयो । बोर्बन राजवंश सन् १८३० मा समाप्त भयो, जब राजा चार्ल्स १०औंलाई क्रान्तिबाट हटाइयो ।

सन् १८६८ मा स्पेनको राजतन्त्र समाप्त भई गणतन्त्र स्थापना भएको थियो । तर, सन् १८७४ मा राजा अल्फोन्सो १२ औंलाई पुनः सिंहासनमा राखेर राजतन्त्र पुनर्स्थापित गरियो । सन् १९३१ मा पुनः गणतन्त्र स्थापना भयो र राजा अल्फोन्सो १३औं निर्वासनमा जान बाध्य भए ।

तानाशाह फ्रान्सिस्को फ्राङ्कोको मृत्युपछि सन् १९७५ मा राजा जुआन कार्लोस प्रथमलाई पुनः गद्दीमा राखियो, जसले स्पेनलाई लोकतन्त्रतर्फ लैजान महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए ।

सन् १८१५ मा भियना सम्मेलनमार्फत इटालीका विभिन्न राज्यहरूमा राजतन्त्र पुनर्स्थापित गरिएको थियो । तर, सन् १९४६ मा जनमतसंग्रहमार्फत इटालीले राजतन्त्र हटाएर गणतन्त्र घोषणा गरियो । राजा उम्बर्टो द्वितीय निर्वासनमा जान बाध्य भए र त्यसयता इटालीमा राजतन्त्र फर्काउन सफल प्रयास भएका छैनन् ।

सन् १९७० मा कम्बोडियामा गणतन्त्र लागू गरियो र राजा नरोद्दम सिंहानुक पदच्युत भए । सन् १९७५-सन् १९७९ को खमेर रुज शासनपछि देश राजनीतिक अस्थिरतामा फस्यो । सन् १९९३ मा संयुक्त राष्ट्रसंघको शान्ति प्रयासपछि राजा नरोद्दम सिंहानुकलाई पुनः गद्दीमा ल्याइयो र संवैधानिक राजतन्त्र पुनर्स्थापित गरियो ।

विश्वका केही देशमा राजसंस्था पुनर्स्थापित भएका घटना भए पनि केही देशमा राजतन्त्र पुनर्स्थापना गर्ने प्रयास भने सफल हुन सकेका छैनन् ।

सोभियत संघको पतनपछि बुल्गेरिया, रोमानिया र सर्बियामा राजतन्त्र पुनर्स्थापना गर्ने प्रयास भएका थिए तर ती प्रयासहरू सफल हुन सकेनन् ।

बुल्गेरियामा पूर्वराजा सिमेअन द्वितीय सन् २००१-सन् २००५ सम्म प्रधानमन्त्री बने तर उनले राजतन्त्र फर्काउन सकेनन् । रोमानिया र सर्बियामा पनि राजतन्त्र पुनर्स्थापना प्रयास भए तर सफल भएनन् ।

अफगानिस्तानमा पनि राजतन्त्र पुनर्स्थापनाको माग भएको थियो । सन् २००१ मा राजा जाहिर शाहलाई सम्मानजनक रूपमा 'राष्ट्रपिता' घोषणा गरिएको थियो तर राजतन्त्र पुनर्स्थापित भने भएन । त्यस्तै, इरानमा केही समूहहरूले पहलवी वंशलाई फर्काउन प्रयत्न गरेका थिए तर उनीहरू सफल हुन सकेनन् । हाल विश्वभर ४३ देश तथा राज्यमा राजा वा रानी राष्ट्र प्रमुख छन्, जसमध्ये १२ एसियामा, ११ युरोपमा, ९ अमेरिकामा, ६ ओसियानियामा र ३ अफ्रिकामा छन् ।

## राष्ट्रिय...

ती सम्मेलनले निर्दिष्ट गरेका लक्ष्य प्राप्तिमा व्यवधान उत्पन्न भई निरन्तर रूपमा वैदेशिक रोजगारमा नै निर्भर हुनुपरेका कारण यस पटक आन्तरिक रोजगारका सम्भावना केलाउन बृहत् आकारको सम्मेलन गर्नुपरेको मन्त्रालयका प्रवक्ता डण्डुराज घिमिरे बताउँछन् ।

हाल नेपालका रोजगारीको क्षेत्रमा संकुचन देखापरेको मन्त्रालयको निष्कर्ष छ । आन्तरिक रोजगारी सिर्जनामा देखिएको संकुचनको अन्त्य गर्दै आगामी दिनहरूमा देखापर्ने नयाँ रोजगारीका क्षेत्र पहिचान तथा व्यवस्थापनका लागि ठोस राय सुझाव प्राप्त गर्नु पनि सम्मेलनको मुख्य उद्देश्य रहेको उनले बताए ।

उनले ठोस उपलब्धि हासिल गर्नकै लागि सम्मेलनमा रोजगारी सिर्जनासँग सम्बन्धित नेपाल सरकारका ३ वटै तह, श्रम तथा रोजगार विषयसँग सम्बन्धित व्यवसायी र अनुसन्धानकर्ता, विषय विज्ञ, विकास साझेदार, निजी क्षेत्र, ट्रेड युनियन, गैरसरकारी क्षेत्रका विज्ञलाई सहभागी गराइएको जिकिर गरे ।

मन्त्रालयले रोजगारदाता र कामदारको समन्वय गराई तत्कालै अर्थात् 'अन द स्पोट' रोजगारी दिलाउने भन्दै करिब १ वर्षअघि श्रमाधान रोजगार मेला आयोजना गरेको थियो । तर, त्यसले आन्तरिक रोजगारीमा अपेक्षाअनुसारको वृद्धि हुन सकेन । वैदेशिक रोजगारमाथिको निर्भरता यथावत् छ ।

मन्त्रालयका अनुसार आर्थिक वर्ष २०८०/०८१ मा श्रम स्वीकृति र पुनः श्रम स्वीकृति लिएर ७ लाख १४ हजार २ ९७ जना नेपालीले वैदेशिक रोजगारीमा जानुपऱ्यो । चालू आर्थिक वर्षको ७ महिनामा मात्र पनि ३ लाख ५ हजार ५५२ जना वैदेशिक रोजगारीमा गएका छन् । नेपाल राष्ट्र बैंकका अनुसार यस अवधिमा उनीहरूले ८ अर्ब ३९ अर्ब रुपैयाँ बराबर रेमिटयान्स पठाए । यो रकम अघिल्लो वर्षको सोही अवधिको तुलनामा २१ दशमलव ६ प्रतिशतले बढी हो ।

केन्द्रीय तथ्यांक विभागका अनुसार नेपालको जनसंख्या २ करोड ९१ लाख ६४ हजार ५७८ छ । १५ देखि ६५ वर्ष उमेर समूहलाई नेपालको श्रम बजारमा श्रम शक्ति मान्ने गरिएको छ । मन्त्रालयले हाल त्यस्तो जनशक्ति कुल जनसंख्याको ६७ प्रतिशत छ । अर्थात्, १ करोड ९५ लाख बढीको जनसंख्या श्रम शक्तिको रूपमा सक्रिय छ ।

श्रम मन्त्रालयले वर्तमान समयको जानसांख्यिक लाभको आन्तरिक श्रम बजारमा प्रयोग हुन नसकेको बताएको छ । उपयुक्त सीप र रोजगारीको अभावमा ठूलो समूह निष्क्रिय अर्थात् बेरोजगार र अर्धबेरोजगारको अवस्थामा रहेको विज्ञहरू बताउँछन् । अन्तर्राष्ट्रियस्तरमा सामान्यतया कृषिबाट उद्योग र उद्योगबाट सेवामा रूपान्तरण हुने मान्यता छ तर नेपालमा उद्योग क्षेत्रमा सुधार नहुँदा कुल गार्हस्थ्य उत्पादनमा कृषिको योगदान घट्दै गएर सेवा क्षेत्रको योगदान बढेको छ । यसले नेपाली अर्थतन्त्र र रोजगारीका मान्यता र संरचनामा परिवर्तन देखाएको छ ।

सम्मेलनमार्फत वैदेशिक रोजगारी र आन्तरिक रोजगारीका क्षेत्रमा रहेका चुनौतीहरूको विश्लेषण गरी नीतिगत सुधार र कानुनी व्यवस्थाहरूमा परिमार्जनका लागि सुझाव लिई रोजगारयोग्य वातावरण सिर्जना गर्ने विषयलाई बढी केन्द्रित गर्ने प्रवक्ता घिमिरेको भनाइ छ ।

## महिला...

अर्थ र योजनामन्त्री तथा नेकपा एमाले केन्द्रीय सदस्य रचना खड्काको प्रमुख आतिथ्यमा संघको नवनिर्वाचित कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूलाई सम्मान गरिएको अध्यक्ष जनक रावलले जानकारी दिए ।

गत हप्ता सम्पन्न संघको साधारणसभाले अरोमा इन्टर नेसनल प्रा. लि.की संचालक प्रतिमा महर्जनको अध्यक्षतामा नयाँ कार्यसमिति निर्वाचित गरेको थियो । संघको नवनिर्वाचित कार्यसमितिको सम्मानको अवसरमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघका द्वितीय उपाध्यक्ष सञ्जु गुरुङ, संघका पूर्वमहासचिव तथा मञ्चका पूर्वअध्यक्ष नरेश गेलाल, संघकी कोषाध्यक्ष सरिता घले, कार्यसमिति सदस्य बैकुण्ठ पौडेल, मञ्चका महासचिव मिलन कट्टेल, कोषाध्यक्ष शीतल मैनालीलगायतको उपस्थिति थियो। संघकी नवनिर्वाचित अध्यक्ष महर्जनले संघको साधारणसभालाई पूर्ण रूपमा सफल बनाउन भूमिका खेल्ने सबैप्रति कृतज्ञता र आभार प्रकट गर्दै नवनिर्वाचित कार्यसमितिलाई सम्मान गरेर मञ्चले महिला व्यवसायीको हौसला बढाएको टिप्पणी गरिन् । संघको नवनिर्वाचित कार्यसमितिलाई यसअघि नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले सम्मानित गरेको थियो ।

त्रिवेणी नगरपालिका
Triveni Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of The Municipal Executive
तोली, बाजुरा, सुदुरपश्चिम प्रदेश, नेपाल
Toli, Bajura (Sudurpashim Province, Nepal)

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति २०८१-११-२६

मिति २०८१/०९/१६ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित विद्युतीय बोलपत्र आव्हानको सूचना सम्बन्धी सूचना अनुसार निम्न कार्यका लागि पर्न आएका बोलपत्रहरू मध्ये तपसिल बमोजिमका बोलपत्रदाताहरुको न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्र स्वीकृतिको लागि मूल्याङ्कन समितिबाट सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि. नं | ठेक्का नं. | आयोजनाको नाम/कामको विवरण | छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु. (मू.अ. कर सहित) |
|---|---|---|---|---|
| 1. | TM/NCB/W/03/2081-82 | Construction of ward office building-7 | M.B.S Construction Joshipur -07 Kailali | 48,97,522.51/- |

प्रमुख प्रशासकीय अधिकृत

# सुदूरपश्चिम संभावनाको स्रोत : प्रधानमन्त्री



**धनगढी/मस–** प्रधामन्त्री केपी शर्मा ओलीले सुदूरपश्चिम सम्भावनाले निकै अगाडि रहेको बताएका छन्। सुदूरपश्चिम विश्वविद्यालयको ५औँ दीक्षान्त समारोहलाई सम्बोधन गर्दै प्रधामन्त्री ओलीले प्रचुर सम्भावना हुँदा पनि सुदूरपश्चिम प्रदेश पछाडि रहेको तर अब त्यस्तो परिचय बदल्नु पर्ने अवस्था रहेको बताए।

'यो सुन्दर मात्रै होइन सम्भावनाले भरिएको समृद्ध बन्न सक्ने प्रदेश हो। पछाडि परेको प्रदेश भन्ने परिचय अब बदल्नु पर्छ' दीक्षित भएका विद्यार्थीलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले भने, 'नयाँ पुस्ताले देशमा सम्भावनाको खोजी गर्नु पर्छ।'

दक्ष जनशक्ति निर्माणमा विश्वविद्यालय लाग्नु पर्ने उनको भनाइ छ। दार्चुलाको उत्तरी क्षेत्रसम्म पुग्न सकस भएको भन्दै प्रधानमन्त्रीले छाङग्रुसम्म पुग्ने सडक निर्माण सुरु गरिएको बताए।

'यत्त सडकका लागि अहिले ५ करोड विनियोजन गरेका छौं। पारीको बाटोबाट जाँदा नेपालीहरूले दुःख पाएका छन्। अहिले गोरेटो बाटो निकालेपछि पक्की सडकको लागि बजेट विनियोजन गरेर तक्लाकोटसम्म जाने बाटो बनाउँछौं', उनले भने। गेटामा मेडिकल विश्वविद्यालय बनाउन यही वर्षबाट पढाइ सुरु हुने प्रधामन्त्री ओलीले दाबी गरे। पञ्चेश्वर बहुउद्देश्य परियोजना अगाडि बढाउन भारतसँग छलफल भइरहेको पनि प्रधामन्त्री ओलीले बताए।

आफू प्रधामन्त्री हुँदा मुलुकमा विकासले गति पाइरहेको दाबी गर्दै उनले हुलाकी सडक, दोधारा चाँदनी औद्योगिक क्षेत्र, सुख्खा बन्दरगाह निर्माण प्रारम्भ गरेको बताए। सुदूरपश्चिम देव भूमि रहेको भन्दै उनले यहाँका मटमन्दिर, धार्मिक क्षेत्र पौराणिक क्षेत्र सबैको महत्व रहेको बताए।

# 'अभियानले माओवादीप्रतिको विश्वास बढ्यो'



**काठमाडौं/मस–** नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले हुलाकी राजमार्ग केन्द्रित माओवादी तराई-मधेश जागरण अभियानले जनतामा माओवादीप्रतिको विश्वास अझ प्रगाढ बनाएको दाबी गरेका छन्।

नेपाली जनप्रगतिशील मञ्च जापानको दोस्रो साधारण सभालाई आइतबार भर्चुअल रूपमा सम्बोधन गर्दै अध्यक्ष प्रचण्डले पार्टीको पछिल्लो केन्द्रीय समिति बैठकबाट माओवादी केन्द्रले नेताहरूबीच भावनात्मक एकता कायम गर्दै पार्टीलाई जनतासँग एकाकार गराएर अघि बढ्ने निर्णय गरेको र सोही निर्णयअनुसार हुलाकी राजमार्ग केन्द्रित माओवादी तराई-मधेश जागरण अभियानमा क्रियाशील रहेको बताए।

अभियानमा सम्पूर्ण पार्टी पंक्ति सक्रिय रहेको र आफूहरू जनताको घरमा बसी उनीहरूसँगै बसोबास, खानपिन र छलफल गर्दै पार्टी र जनताबीचको सम्बन्ध थप मजबुत बनाउँदै अघि बढिरहेको प्रचण्डले बताए। अभियानले जनतामा माओवादीप्रतिको सकारात्मक भावना झन् बढेको र जनताले 'असली पार्टी त माओवादी नै रहेछ' भन्ने अनुभव गर्न थालेको प्रचण्डको दाबी छ।

सरकारमा रहेर जनताको पक्षमा काम गर्दा र भ्रष्टाचारविरुद्ध कदम चाल्दा माओवादी नेतृत्वको सरकारलाई असंवैधानिक ढंगले अपदस्थ गरिएको कुरालाई जनताले राम्ररी बुझेको उनले बताए। 'हामी राम्रो काम गर्दै थियौं, तर उनीहरूले हाम्रो सरकार हटाइदिए। तर जनताले त्यो कुरा प्रस्ट बुझिसकेका छन्। हामीले प्रचारप्रसार गर्नै परेन। मैले विश्वासको मत प्राप्त गरेरै जनतासँग संवाद गरेको थिएँ। ठूलो दलको सरकार बन्नुपर्ने अवस्थामा पनि असंवैधानिक र अलोकतान्त्रिक रूपमा सरकार गठन भयो। यो कुरा जनताले राम्रोसँग बुझेका छन्,' उनले भने।

हुलाकी राजमार्ग निर्माणमा माओवादी केन्द्रको भूमिकाका कारण पनि सो राजमार्ग आसपासका जनतामा जागरण अभियानले थप उत्साह ल्याएको उनको भनाइ थियो।

'म प्रधानमन्त्री हुँदा निर्माण रोकिएको हुलाकी राजमार्ग भारतसँग कुराकानी गरी हुलाकी राजमार्गको उद्घाटन आफैंले गरेको थिएँ। त्यसैले अहिले पनि त्यहाँका जनतामा माओवादीप्रतिको विश्वास बलियो बनेको छ। माओवादीले जे भन्छ, त्यो गर्छ भन्ने अनुभूति उनीहरूमा छ,' प्रचण्डले भने।

पूर्वको झापादेखि महोत्तरीसम्मको अभियानमा करिब ४ हजार जना माओवादी केन्द्रमा प्रवेश गरेको उल्लेख गर्दै उनले तीमध्ये जनताबीच राम्रो प्रभाव भएका नेताहरू पनि रहेका कारण पार्टी पंक्तिमा उत्साह थपिएको बताए। 'यसले जनतामा माओवादीप्रतिको सकारात्मक भावनालाई पुष्टि गरेको छ। नेताहरूको साथमा अभियानमा सहभागी हुँदा जनतामा झनै उत्साह देखिएको छ। विगतमा पार्टीबाट अलग भएका धेरै नेताहरू पनि व्यक्तिगत रूपमा पार्टीमा पुनः प्रवेश गरेका छन्,' उनले भने।

अध्यक्ष प्रचण्डले माओवादी केन्द्रले अभियान केही दिन रोक्दा पार्टीभित्र मात्र होइन, अन्य पार्टीका नेताहरू, बुद्धिजीवी र कर्मचारीहरूले समेत अभियान पुनः सुरु गर्न आग्रह गरेको बताउँदै त्यसले अभियानको प्रभाव स्पष्ट देखिएको उल्लेख गरे। अहिले एमाले नेतृत्वको सरकारले गरिरहेका जनविरोधी गतिविधिका कारण प्रतिक्रियावादी शक्तिहरू उत्साहित भएको भन्दै माओवादी केन्द्र जनताबीच पुगेर प्रतिक्रियावादी र अराजक तत्वहरूविरुद्ध संघर्ष गर्ने तयारीमा रहेको उनले बताए। 'सरकारका जनविरोधी गतिविधिहरू रोक्नु माओवादी केन्द्रको जिम्मेवारी हो। अहिले अभियानमा जनताको उत्साहपूर्ण सहभागिता रहँदैगर्दा हामीले केही दिनका लागि अभियान स्थगित गरी संसद् र स्वविवु निर्वाचनका काममा केन्द्रित हुने निर्णय गरेका छौं,' उनले भने।

# पाथीभरामा केबलकार निर्माण रोक्न प्रधानमन्त्रीलाई निफिनले पठायो ज्ञापनपत्र

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, २५ फागुन

नेपालको पूर्वी जिल्ला ताप्लेजुङ अवस्थित पाथीभरा (मुक्कुमलुङ) केबलकार निर्माणविरुद्ध नेपाल आदिवासी जनजाति अन्तर्राष्ट्रिय महासंघ, आइसीसीले असहमति जनाउँदै विरोध जनाएको छ।

अन्तर्राष्ट्रिय महासंघका विश्वका १८ राष्ट्रमा रहेका शाखाले संयुक्त ज्ञापन पत्र जारी गर्दै केबलकार निर्माण तत्काल खारेज गर्न नेपाल सरकारसँग आग्रह गरेको छ।

उनीहरूले उक्त ज्ञापनपत्र विद्युतीय(इमेल)माध्यमबाट परराष्ट्र मन्त्रालयमार्फत प्रधानमन्त्री केपी शर्मा ओलीलाई पठाएका हुन्।

ज्ञापनपत्रमा आदिवासी जनजाति किराँती लिम्बू समुदायहरूको पवित्र सांस्कृतिक धरोहर तथा मुन्धुमी स्थल मुक्कुम्लुङमा विकासको नाममा सरकारको एक पक्षीय विशेष संरक्षणसहित केही व्यावसायीहरुको निजी फाइदाका लागि सरोकारवाला स्थानीय आदिवासी जनजाति समुदायहरूको चाहना र भावना विपरित केवलकार निर्माण कार्य जबरजस्ती अगाडि बढाउनु भनेको आदिवासी जनजाति समुदायको संस्कृतिमाथिको आक्रमण र अतिक्रमण रहेको उल्लेख गरिएको छ। 'जनजाति अन्तर्राष्ट्रिय महासंघ, अन्तर्राष्ट्रिय समन्वय समितिको समन्वयमा प्रवासमा क्रियाशील सम्पूर्ण महासंघहरूको तर्फबाट लिम्बू आदिवासी जनजाति समुदायको पवित्र सांस्कृतिक धरोहर तथा मुन्धुमी स्थल मुक्कुम्लुङमा विकासको नाममा केबलकार निर्माण कार्य तत्काल बन्द गर्न आग्रह गर्दै वर्तमान सरकार निर्देशित प्रहरीको बर्बरतापूर्ण हिंसाको घोर विरोध गर्दछौँ' ज्ञापनपत्रमा भनिएको छ।

# सेनाको ४ दिने अभिमुखीकरण तालिम सुरु



**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, २५ फागुन

नेपाली सेना र सञ्चार जगतबीचको आपसी समझदारीलाई अभिवृद्धि गर्दै आपसी पेशागत सम्बन्धलाई सकारात्मक एवं प्रभावकारी बनाउने उद्देश्यले सेनाको ४ दिने अभिमुखीकरण तालिम बुटवलमा सुरु भएको छ।

मध्यपश्चिम पृतना हेडक्वाटर बुटवलमा आइतबारदेखि सुरु भएको तालिममा विभिन्न सञ्चारमाध्यमका २० जना रक्षा संवाददाताहरूलाई सहभागी गराइएको नेपाली सेनाले जनाएको छ। मध्यपश्चिम पृतना हेडक्वाटर बुटवलका पृतनापति उपरथी प्रेमबहादुर पुनले कार्यक्रमको शुभारम्भ गर्दै आफ्नो अमूल्य समय दिइ सहभागी भएका रक्षा संवाददाताहरुलाई धन्यवाद प्रकट गरेका थिए।

नेपाली सेना र सञ्चार माध्यमबीचको आपसी सहकार्य तथा सम्बन्ध विस्तार गर्ने कार्यलाई थप प्रभावकारी बनाउने उद्देश्यले नेपाली सेनाले यस प्रकारको अभिमुखीकरण कार्यक्रम संचालनमा ल्याएको सेनाको दाबी छ। नेपाली सेनाले गरेको कामलाई आम नेपाली जनतासमक्ष पुऱ्याउन सञ्चारकर्मीहरुको महत्वपूर्ण भूमिका रहेको पृतनापति उपरथी पुनको भनाइ छ। संचारकर्मी र नेपाली सेनाबीच समन्वय आवश्यक रहेको भन्दै सत्यतथ्य समाचार सम्प्रेषण गर्न पत्रकारहरुलाई उनको आग्रह समेत रहेको छ।

अभिमुखीकरण कार्यक्रममा रक्षा संवाददाताहरुलाई नेपाली सेनाका विभिन्न निकायहरुको काम, कर्तव्य र जिम्मेवारीहरुको बारेमा प्रस्तुतीकरण तथा अन्तरक्रियासहितको जानकारीमूलक कार्यक्रम सञ्चालन गरिने जनसम्पर्क तथा सूचना निर्देशनालय जङ्गी अड्डाका सेनानी रविन राईले जानकारी दिए।

कार्यक्रमको पहिलो दिन बुटवलका अग्रज पत्रकार डाक्टर बालकृष्ण चापागाईंले पत्रकारिताको अनुभव र पत्रकार आचार संहिताबारे प्रस्तुतीकरणसहित सहजीकरण गरेका थिए।

महासेनानी मचिन्द्र थापा मगरले नेपाली सेनाको परिचय, स्थापना, जिम्मेवारी क्षेत्र, सीमाको स्तम्भ, पृतनालाई प्राप्त जिम्मेवारी लगायतको विषयमा सहजीकरण गरेका थिए।

यस्तै मेजर रविन राईले रक्षा संवाददाता अभिमुखीकरण कार्यक्रमको महत्व, जनसम्पर्क तथा सूचना निर्देशनालयको जिम्मेवारी, नेपाली सेना र सञ्चार जगतसँग समन्वय लगायतको विषयमा प्रस्तुतीकरण गरेका थिए। कार्यक्रममा नेपाली सैनिक रेडियो कार्यक्रमका प्रस्तोता (सुबेदार) सुदिप ढकालले संचालन/सहजीकरण गरेका थिए।

# फरार व्यक्ति पक्राउ

**काठमाडौं/मस–** जबरजस्ती करणी मुद्दामा इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार प्रतिवादी पक्राउ परेका छन्। पक्राउ पर्नेमा सिन्धुली कमलामाई नगरपालिका-२ चियाबारी घर भएका २७ वर्षीय आशिष बुढाथोकी रहेका छन्। एनसिबि काठमाडौंबाट खटिएको प्रहरीले उनलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पक्राउ गरेको हो। जबरजस्ती करणी मुद्दामा फरार रहेका उनलाई अन्तर्राष्ट्रिय स्तरमा खोजतलास एवम् पक्राउ गर्नको लागि जिल्ला प्रहरी कार्यालय सिन्धुलीबाट अनुरोध भएपश्चात एनसिबि काठमाडौंको अनुरोधमा इन्टरपोल महासचिवालयबाट सन् २०२५ फेब्रुअरी १४ मा उनी विरूद्ध रेड नोटिस जारी भएको थियो।


## युएईमा रोजगार

कम्पनी: ADNAN KHAN SOLAR ENERGY SYSTEMS INSTALLATION EST. शहर : UAE
पूर्व स्वीकृत मिति: २०८१/११/२५ चलानी नं.: ६०२३४२३१ LT. No.: 320070

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician Assistant | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४५,३१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Welder Assistant | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४५,३१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत ४ गते (17 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**MITHILA INTERNATIONAL SERVICE PVT. LTD.** श्रम इजाजत पत्र नं.: १०२७/०६८/०६९
Tilganga-9, (Near Tilganga Hospital), Gaushala, Kathmandu, Nepal
Mobile : 9851024839 | 9841494792 | 9813990210 | 9813828296
E-mail: anjulayadav@hotmail.com, info@mithilagroup.com, Url: www.mithilaintlgroup.com



## UAE मा रोजगार

कम्पनी: ETERNITY BEAUTY STUDIO - SOLE PROPRIETORSHIP L.L.C. शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/११/२५ चलानी नं.: ६०२३४२३० LT. No.: 320092

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manicurist | 0 | 2 | स. काममा दक्ष | 1200 | ४५,३१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत ४ गते (17 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Sky Of The World Manpower Pvt. Ltd.** श्रम ई. पत्र नं.: १०३९/०७३/०७४
Tilganga-9, Manpower Bazar, Kathmandu, Tel.: 01-4591316, Mob.: 9860049528, 9808840910, 9860924657
E-mail : skymanpower1039@gmail.com, info@skymanpower.com, Web.www.skymanpower.com


## दोर्दी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
नौथर, लमजुङ

**4 WD PICK–UP (DOUBLE CAB) क्याटलग सपिंङ विधिबाट खरिद सम्बन्धी प्रस्ताव आह्वानको सूचना ।**

**प्रथम पटक प्रकाशित मिति: २०८१/११/२६**

यस कार्यालयको आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत कार्यक्रम तथा वार्षिक खरिद योजना अनुसार 4 WD PICK–UP (DOUBLE CAB) खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ख) बमोजिम उत्पादक तथा अधिकृत विक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिंङ) खरिद गर्ने कार्यविधि, २०७४ (क्याटलग सपिंङ) विधिबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त यस कार्यालयमा प्रचलित नियमानुसार सुचिकृत उत्पादक कम्पनी वा त्यसको आधिकारिक विक्रेताहरुले आ-आफ्नो फर्म दर्ताको प्रमाण-पत्र, एजेन्सी दर्ता प्रमाणपत्र, Letter Of Authorization, आयकर चुक्ता र स्वघोषणा समावेश गरि सार्वजनिक खरिद नियमावली, २०६४ नियम ३१(ख) बमोजिम उत्पादकको आधिकारिक स्पेसिफिकेशन गुणस्तर मूल्य र सुविधा सहितको विवरण (क्याटलग) संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ९ (नवौं) दिन ५.०० बजे भित्र र नवौं दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनको कार्यालय समयभित्र यस कार्यालयमा तपशिलको सवारी साधनको आवेदन दर्ता गर्नुहुन सूचीकृत उत्पादक वा आधिकारिक विक्रेताहरुको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल:**

| क्र. सं. | सवारी साधन विवरण | संक्षिप्त विवरण र शर्तहरु | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | 4 WD PICK-UP (DOUBLE CAP) | कार्यालयबाट स्वीकृत स्पेसिफिकेशन बमोजिम हुनुपर्नेछ र उक्त स्वीकृत स्पेसिफिकेशन यस कार्यालयको वेबसाइट www.dordimun.gov.np मा हेर्न सकिनेछ। सम्पर्क नं. ९८५६०४६२६४ | १(एक) | प्रस्ताव खोल्ने समय र स्थान: दशौं दिन (मिति: २०८१/१२/०६) को दिनको १.०० बजे दोर्दी गाउँपलिकाको कार्यालय नौथर, लमजुङ |

**प्रमुख प्रशासकीय अधिकृत**

## Province Government
### Ministry of Physical Infrastructure Development
### Transport Infrastructure Directorate
## Infrastructure Development Office, Jhapa
Koshi Province, Nepal

## Invitation for Electronic Bids

Infrastructure Development Office, Jhapa invites sealed Bids for the following works.
Date of publication: 10th March 2025 (Falun 26, 2081)
Last Date of bid Submission: 9th April 2025 (2081-12-27) at 12:00 Noon for NCB
Last Date of bid Submission: 25th March 2025 (2081-12-12) at 12:00 Noon for Sealed quotation and Re-bid

| S. N. | Description of Works | Estimated Amount With VAT and PS |
|---|---|---|
| 1 | Upgrading of fikaal gumbapath aarubote jogmaikhola maijogmai rural municipality namsaling illam Road, Suryoday municipality (Contract ID: IDO-JHP/W/NCB/MR-114/081-82) | 9663994.863 |
| 2 | Construction of Compound wall at Khajurgachhi Ma. Vi., Gaurigunj, Jhapa (Contract ID: IDO-JHP/W/SQ/MR-115/081-82) | 19,31,904.18 |
| 3 | Upgrading of Mul Sadak Lapsibote Gurung Gaun Sankhuwasabha Bangin Road(Re-bid) (Contract ID: IDO-JHP/W/SQ/MR-96/081-82) | 19,32,620.15 |
| 4 | Pragatinagar hudai swagat chowk jodne sadak, shivsatakshi-2(Re-bid) (Contract ID: IDO-JHP/W/SQ/MR-104/081-82) | 19,32,494.95 |
| 5 | Upgrading works of 1 number wada karyalay to Barvanjyang palika road, Mangsebung R.M.-1,Ilam(Re-bid) (Contract ID: IDO-JHP/W/SQ/MR-106/081-82) | 19,23,444.97 |
| 6 | Upgrading of Good Morning Road, Damak-7,8,10, Jhapa(Re-bid) (Contract ID: IDO-JHP/W/SQ/MR-109/081-82) | 19,28,534.75 |
| 7 | Upgrading works of Kachankawal-6 Bishal Basti- Sitagadhi-Harischandra Pul to Pathariya Road, Jhapa (Re-bid) (Contract ID: IDO-JHP/W/SQ/MR-111/081-82) | 19,28,031.28 |
| 8 | Upgrading of Laxmi Aa.Bi. Pipaldanda Barkhola Barbhanjayang Sadak,Deumai-5 (Re-bid) (Contract ID: IDO-JHP/W/SQ/MR-112/081-82) | 19,35,691.01 |
| 9 | Upgrading works of JCI Marg to Area Administration Office Road, Damak Municipality-8, Jhapa(Re-bid) (Contract ID: IDO-JHP/W/SQ/MR-113/81-82) | 19,31,425.00 |

All interested bidders may visit thewebsitewww.bolpatra.gov.np/egpfor the detail information. **Office Chief**

## सम्पादकीय

# चाहिनेभन्दा बढी शंका

पूर्वराजा ज्ञानेन्द्र शाहको भिडियो सन्देशपछि राजावादी शक्तिहरू उत्साहित बनेका छन् । ज्ञानेन्द्र शाहले गत ६ फागुनमा प्रजातन्त्र दिवसको अवसर पारेर भिडियो सन्देश सार्वजनिक गरेका थिए । देशको रक्षा र समुन्नतिका निम्ति साथ दिन नागरिकसँग ज्ञानेन्द्र शाहले अपिल गरेपछि राजावादीहरूको गतिविधि बढेको छ । पोखरा पुगेर भिडियो सन्देश सार्वजनिक गरेका पूर्वराजा शाहलाई राजधानी काठमाडौंमा भव्य स्वागत गरिएको छ । गणतन्त्र स्थापनापछि पूर्वराजा ज्ञानेन्द्रलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा यसरी स्वागत गरिएको पहिलो पल्ट हो । सरकारी अधिकारीहरूका अनुसार झण्डै १० हजार मानिस पूर्वराजालाई स्वागत गर्न सडकमा उत्रिएका थिए । संयोजन भने राजावादी पार्टी राष्ट्रिय प्रजातन्त्र पार्टीले गरेको थियो । राप्रपाकै नेताहरूको संयोजनमा सम्पूर्ण राजावादीहरू जुटेका थिए ।

पूर्वराजा ज्ञानेन्द्रको राजधानीमा भव्य स्वागत भएपछि गणतन्त्रवादी नेताहरूले चर्को आक्रोश पोखेका छन् । प्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले राजनीतिको रहर भए चुनावी मैदानमा आउन चुनौती दिएका छन् । हरेकजसो भाषणमा प्रधानमन्त्री ओलीले ज्ञानेन्द्र शाहलाई चुनौती दिइरहेका छन् । प्रधानमन्त्री ओलीकै जस्तो भाषामा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पनि पूर्वराजाप्रति आक्रोश पोखिरहेका छन् । नेकपा (माओवादी केन्द्र)का नेताहरू राजावादी गतिविधि बढेको भन्दै हुलाकी राजमार्ग केन्द्रित जागरण अभियान स्थगित गरेरै काठमाडौं आएका छन् । गणतन्त्रवादी आन्दोलनको तयारी गर्ने नेताहरूले बताएका छन् । अर्थात्, राजावादी भर्सेस गणतन्त्रवादी ध्रुवीकरण देखिएको छ । यो ध्रुवीकरण नयाँ होइन, ८ दशक लामो ध्रुवीकरण हो ।

तर, गणतन्त्र स्थापनापछि राजावादी शक्तिहरू असाध्यै कमजोर बनेका थिए । राजावादी शक्तिहरूको संसदीय उपस्थिति असाध्यै सानो छ तर २०७९ सालको निर्वाचनपछि भने १४ सिटको सम्मानजनक मत राजावादी राप्रपाले पाएको छ । यही शक्तिका आधारमा राप्रपाले राजतन्त्र फर्काउने अभियान चलाइरहेको छ । राप्रपालगायत दलहरूको अभियानलाई टेकेरै माहोल बनाउने मुडमा पूर्वराजा ज्ञानेन्द्र देखिन्छन् । क्रमशः ज्ञानेन्द्र शाहको गतिविधि बढिरहेको छ । अहिलेको व्यवस्था र संविधानले उनलाई यस्ता गतिविधि गर्न छुट दिन्छ किनकि शान्तिपूर्ण प्रदर्शन गर्ने, दल खोल्नेदेखि जनमत लिएर राज्य संचालन गर्न हरेक नागरिकलाई संविधानले अधिकार दिएको छ । तर, त्यस्ता गतिविधि शान्तिपूर्ण हुनुपर्छ । अहिलेसम्मको गतिविधि शान्तिपूर्ण नै देखिन्छ । गणतन्त्रवादी नेताहरूचाहिँ चाहिनेभन्दा बढी सशंकित देखिन्छन् । यदि जनतामा विश्वास छ भने अरू अविश्वास तपशीलका विषय हुन् । कसैलाई निषेध गर्ने भन्दा पनि नागरिकको विश्वास जित्नेतिर राजनीतिक नेतृत्व लाग्नु राम्रो हो ।

# सामाजिक तथा राजनीतिक पुनर्जागरण

अग्रलेख



● लेखनाथ ढकाल

आधुनिक राष्ट्र र राज्य संयन्त्रको परिभाषालाई सन्दर्भ बनाएर नेपालको अवस्थालाई हेर्ने हो भने १८औं शताब्दीको चेतनाभन्दा निम्न स्तरको मान्नुपर्ने बुझाइ यथार्थपरक नै देखिन्छ । दास युगमा किनबेच हुने दासहरू जस्तै नेपाली नागरिकको अवस्था छ । सामाजिक विकास तथा परिवर्तनका लागि विद्यमान राज्य व्यवस्था, राजनीतिक पार्टीहरू, राज्यका संरचना तथा सरकारी एवं गैरसरकारी संगठनहरूबाट आशातीत परिणामको विश्वास गुमाउँदै गएको आजको नेपालको मूल समस्या मान्नुपर्ने भएको छ ।

सबैका अभिव्यक्तिहरू यस्तै पाइन्छन् । केही सत्ताको दोहनमा आफ्नो स्वार्थ पूरा गरिरहेका मानिसको भाषा अलि फरक छ, आमनागरिक निराशामा डुब्दै गएको भन्न सकिनेगरी अभिव्यक्तिहरू आइरहेका छन् । चलिआएका राजनीतिक तथा आर्थिक प्रणालीहरूले मानव सभ्यता र चेतनाअनुसारको सामाजिक विकासको अवस्था निर्माण गर्ने योग्यता नै नरहेको पहिचान बनाएर अवसानको ओरालो झरिरहेको अवस्था छ ।

आर्थिक असमानता, गरिबी, बेरोजगारी, विभेद, रूढीवादी, पछौटेपन आदि कुराबाट ग्रसित समाजलाई अझ यस्तै अवस्थामा रहिरहनेगरी मनोवैज्ञानिक 'ब्ल्याकमेलिङ' योजनाबद्ध हिसाबले भइरहेको छ । यसको प्रतिनिधि स्वयं राज्यको छत्र छहारीमा नेपाली समाजलाई कुरूप पार्ने खेलमा सक्रिय रहेका छन्, खुल्लेआम रूपमा जनविरोधी हर्कतमा लिप्त शक्ति राज्यलाई नै दुरुपयोगमा कार्य गरिरहेको सबैलाई थाहा छ ।

तथापि, अगुवा नागरिक, बुद्धिजीवी, पत्रकार, प्राध्यापक आदि सबै यो कुरामा संगठित आवाज बोलिरहेका छैनन् । कुशासन तथा जनविरोधी चरित्रको आर्थिक, सामाजिक, राजनीतिक गतिविधिहरू यसरी बढावा भए कि राष्ट्रको स्वाभिमानमा नै प्रश्न उठ्नेसम्मको अवस्थामा आइपुगेको छ ।

गौरवशाली इतिहास रहेको देशमा राजनीतिक प्रणाली, आर्थिक प्रणाली, राज्य संयन्त्र, शासन प्रशासन, न्याय प्रशासन आदि सबै जनविरोधी र अमानवीय चरित्रका बनाइएका छन् । स्रोत, साधन र प्राकृतिक सौन्दर्यको धनी देश आर्थिक रूपमा क्षतविक्षत हुने अवस्थामा पुग्दै छ भन्ने सम्प्रेषण जिम्मेवारी लिएका निकायहरूबाटै हुने गरेका छन् । यो विडम्बना हो ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LINK INTERNATIONAL PLACEMENT SERVICE
Govt. Lic. No.: 821/066/067
LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
Basbari Ward No 3, Kathmandu, Tel.: 01-4956654, 4955978, 9802360330
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158
ISO 9001 : 2015

# युगान्डाविरुद्ध नेपाल १ विकेटले विजयी



**काठमाडौं/मस–** युगान्डामा जारी चार देशीय महिला टी-२० क्रिकेट प्रतियोगिताअन्तर्गत नेपालले पहिलो खेल जितेको छ। नेपालले आफ्नो दोस्रो खेलमा युगान्डालाई १ विकेटले पराजित गरेको छ। यसअघि भएको पहिलो खेलमा नेपाल नामिबियासँग ६ विकेटले पराजित भएको थियो।

युगान्डाको एन्टेब्बे क्रिकेट ओभल मैदानमा टस जितेर नेपालले पहिला फिल्डिङ रोजेको थियो। घरेलु टोली युगान्डाले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर ७५ रन बनायो। छयहत्तर रनको विजयी लक्ष्य नेपालले १९ दशमलव ५ ओभरमा ९ विकेट गुमाएर पूरा गर्‍यो। नेपालका लागि साना प्रवीनले सर्वाधिक १७ रन जोडिन्। उनले ३५ बलमा एक चौका प्रहार गरिन्।

त्यस्तै पूजा महतोले १६ रन जोड्दा रुबिना क्षेत्रीले १० रन बनाइन्। सम्झना खड्काले ८, कप्तान इन्दु बर्माले ६ तथा ईश्वरी विष्टले अविजित ३ रन जोडिन्। बलिङतर्फ युगान्डाका लागि इमाकुलेट नाकिसुईले सर्वाधिक २२ रन जोडिन्। उनले ४० बलमा तीन चौका प्रहार गर्दै २२ रन बनाइन्।

त्यसैगरी, स्टेफ्ने नियानाम्पिलिनाले २५ बलमा १ चौकाको सहयोगमा १४ रन जोडिन् भने मलिषा अरिकोटाले २४ बलमा ११ रन जोडिन्। नेपालका लागि पूजा महतोले ३ विकेट लिइन् भने कप्तान इन्दु बर्माले २ विकेट लिइन्। जारी सिरिजमा युगान्डाको यो पहिलो हार हो। युगान्डाले पहिलो खेलमा हङकङलाई पराजित गरेको थियो।

जारी सिरिजमा घरेलु टोली युगान्डासँगै नेपाल, नामिबिया र हङकङको सहभागिता रहेको छ। सिरिजमा सबै टोलीले एकअर्कासँग दुई खेल खेल्नेछन्। लिग चरणको खेलपछि शीर्ष २ टोलीबीच फाइनल खेल हुनेछ। नेपालले सोमबार हङकङसँग खेल्नेछ।

# दशौं राष्ट्रिय खेलकुद तोकिएकै मितिमा हुन्छ : मन्त्री चौधरी

**पूर्ण कुमार/मध्यान्ह**
सुर्खेत, २५ फागुन

दशौं राष्ट्रिय खेलकुदका लागि मूल आयोजक सचिवालय उद्घाटन गरिएको छ। आइतबार कर्णाली प्रदेशको राजधानी सुर्खेत वीरेन्द्रनगरको रंगशाला परिसरमा युवा तथा खेलकुदमन्त्री एवं मूल आयोजक समिति संयोजक तेजुलाल चौधरी, कर्णालीका मुख्यमन्त्री यामलाल कँडेल, सामाजिक विकासमन्त्री घनश्याम भण्डारीलगायतको सहभागितामा सचिवालयको उद्घाटन गरिएको हो। कर्णालीमा आगामी जेठ ३ देखि १० गतेसम्म दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता हुँदै छ।

आयोजक सचिवालयको उद्घाटन गर्न सुर्खेत पुगेका मन्त्री तथा संयोजक चौधरीले तोकिएकै समयमा प्रतियोगिता सञ्चालन हुने बताए। '१०औं राष्ट्रिय खेलकुदको प्राविधिक समस्याका कारण बारम्बार मिति सारेको र अब सम्पुर्ण तयारी पूरा भइसकेको छ, अब पनि मिति सारियो भने भागेर जाने अन्त कतै ठाउँ छैन, अन्तिम पटक तोकिएकै समयमा खेलकुद सञ्चालन हुने छ।'

खेल सञ्चालनका लागि टेण्डर प्रक्रिया, समिति गठन, खरिदलगायतका आवश्यक कार्यमा काम भइरहेको उनले जानकारी दिए।

मुख्यमन्त्री कँडेलले निर्धारित समयमा प्रतियोगिता सञ्चालन गर्न जिम्मेवार व्यक्तिहरू अलमल हुन नमिल्ने बताए। जेठको महिना खेलकुद प्रतियोगिताका लागि मौसम अनुकूल नहुनेमा आशंका उठिरहेको भन्दै उनले खेलसम्बद्ध व्यक्तिले सकारात्मक धारणा जगाउनुपर्नेमा जोड दिए।



सचिवालय उद्घाटनसँगै प्रतियोगिता निर्धारित समयमा सञ्चालन हुने विश्वास जागेको सामाजिक विकासमन्त्री धनश्याम भण्डारीले बताए। 'कर्णालीले राष्ट्रियस्तरको कार्यक्रम सञ्चालन गर्न सक्छ भन्ने सन्देश जानेगरी सकारात्मक धारणा बनाउन आग्रह गर्छु,' उनले भने, 'यो प्रतियोगिताले कर्णालीको खेलकुदको सम्भावना र खेलाडीको प्रतिभाको पहिचान हुनेछ।'

वीरेन्द्रनगर नगरपालिकाकी नगर प्रमुख मोहनमाय ढकालले दशौं राष्ट्रिय खेलकुद सञ्चालनका लागि नगरपालिकाले समेत सहयोग गर्ने बताइन्।

## राहदानी हराएको सूचना

मिति २०८१/०२/१५ गते काठमाडौंको बसुन्धरा क्षेत्रमा मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु।

**नाम :- Ashok Nepali**
**पूरानो राहदानी नं. : 05501455**
**ठेगाना:-Duipiple, 06 Ramgha Lamjung, Gandaki Pradesh**
**सम्पर्क नं.:- 9762405698/9813271762**

## ललितपुर महानगरपालिका
**७ नं. वडा कार्यालय, पिलासे ललितपुर, बागमती प्रदेश, नेपाल**

### नाता कायमका लागि ३५ दिने सूचना

**प्रकाशित मिति : २०८१/११/२६**

यस ललितपुर महानगरपालिका वडा नं. ७ बसोबास गर्ने पुनालकाजी महर्जनको छोरा रमेश महर्जनको यही २०८१ साल पुष २२ गते पाटन अस्पतालमा उपचारको क्रममा निधन भएको छ। मृतकको श्रीमती मिश्री अवालेले मृत्यु दर्ता तथा नाता प्रमाण पत्रको लागि वडा नं. ७ मा आवेदन दिनु भएको जानकारी गराइन्छ। स्व. रमेश महर्जनको अन्य श्रीमती वा छोरा छोरी रहे भएको आफैं प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र ललितपुर महानगरपालिका वडा नं. ७ कार्यालयमा सर्म्पक गर्न आउनु हुन जानकारी गराइन्छ। उल्लेखित अवधि भित्र उपस्थित हुन नजाएमा मृतक रमेश महर्जनसँग एकमात्र श्रीमती मिश्री अवाले कायम भै जाने जानकारी समेत गरिन्छ।

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, बेलबारी शाखाको १५ दिने सार्वजनिक सूचना ।।

**(प्रकाशित मिति : २०८१/११/२६ गते)**

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८१ साल जेष्ठ महिना ११ गतेको 'राजधानी' राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएको **मिति २०८१ साल भदौ महिना १५ गतेको 'अन्नपूर्ण पोस्ट्' राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी २१ दिने सूचना प्रकाशित गर्दा समेत कसैको पनि बोलकबोल नपरेको साथै उल्लिखीत सूचनाको समयसिमा भित्र समेत ऋणीले कर्जा चुक्ता भुक्तान नगरेको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखीत धितोमा रहेको सम्पत्ति खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा अन्य शाखाहरूमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिँदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तीको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीँ कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगाावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल:**

| |
|---|
| **ऋणीको नाम, थर र ठेगाना :** |
| जय नाथ दाहालको छोरी, रूद्र प्रसाद कोइरालाको श्रीमती, मोरङ्ग जिल्ला, बयरवन गा.वि.स./न.पा. वडा नं. ५ बस्ने **मीना कोइराला...१** |
| **व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** |
| सिव प्रसाद कोइरालाको नाती, सिरिन्द्र प्रसाद कोइरालाको छोरा, मोरङ्ग जिल्ला, बयरवन गा.वि.स./न.पा. वडा नं. ५ बस्ने **रूद्र प्रसाद कोइराला...१** |
| सिरिन्द्र प्रसाद कोइरालाको नाती, रूद्र प्रसाद कोइरालाको छोरा, मोरङ्ग जिल्ला, बयरवन गा.वि.स./न.पा. वडा नं. ५ बस्ने **दिव्य राज कोइराला ...१** |
| सिरिन्द्र प्रसाद कोइरालाको नाती, रूद्र प्रसाद कोइरालाको छोरा, मोरङ्ग जिल्ला, बयरवन गा.वि.स./न.पा. वडा नं. ५ बस्ने **राम प्रसाद कोइराला ...१** |
| सिरिन्द्र प्रसाद कोइरालाको नाती, रूद्र प्रसाद कोइरालाको छोरा, मोरङ्ग जिल्ला, बयरवन गा.वि.स./न.पा. वडा नं. ५ बस्ने **लक्ष्मण कोइराला ...१** |
| यज्ञ प्रसाद बरालको छोरी, दिव्य राज कोइरालाको श्रीमती, मोरङ्ग जिल्ला, बयरवन गा.वि.स./न.पा. वडा नं. ४ बस्ने **सुजाता बराल ...१** |
| **धितो सुरक्षणको विवरण :** |
| **मीना कोइरालाको** नाममा मालपोत कार्यालय बेलवारी, मोरङ्गमा दर्ता श्रेस्ता कायम रहेको मोरङ्ग जिल्ला, बयरवन गा.वि.स./न.पा. वडा नं. ६ (नक्सा सिट नं. ६ख) को कित्ता नं. ५१३ र ६४७ को क्रमशः ०-०-५-२ र ०-२-१४-२ (वि-क-धु-क) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा वन्देजहरू :**

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा अन्य शाखाबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. इच्छुक बोलपत्रदाताले सूचनामा उल्लिखीत चल/अचल सम्पत्ति मध्ये आफ्नो इच्छा अनुसार कुनै एक वा केही वा सबै सम्पत्तिको लागि बोलपत्र पेश गर्न सक्नु हुनेछ ।
३. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
५. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ३ बजे प्रतिनिधिहरूको रोहबरमा प्राप्त बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. उल्लिखीत चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा बेलबारी शाखामा सम्पर्क गर्न सकिने छ ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
८. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
९. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लिखीत रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
११. इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरूले **२०८१ साल चैत्र महिना ११ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
१२. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

**लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :**

**मिति : २०८१ साल चैत्र महिना १४ गते ।**
**स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।**
**समय : दिनको ३ बजे ।**

**सानिमा बैंक** www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

## युएईमा रोजगार

कम्पनी : **VENUS INFRASTRUCTURE CONTRACTING LLC** शहर : UAE
पूर्व स्वीकृत मितिः २०८१/०२/०१ चलानी नं.: ६०२१९५७५ LT. No.:304866 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Wall Painter | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४९,०८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Furniture Carpenter | 2 | 0 | | 1500 | ५६,६४० | | | | | | | |
| 3. | Building Labourer/ Helper | 6 | 0 | | 1200 | ४५,३१२ | | | | | | | |

कम्पनी : **EMPOWER EMPLOYMENT SERVICES L.L.C.** शहर : UAE
पूर्व स्वीकृत मितिः २०८०/१०/०७ चलानी नं.: ६०२१३५५६ LT. No.:298487 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labourer/Construction Worker | 32 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३३,९८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Reinforcing fitter assistant(construction worker) | 50 | 0 | | 1200 | ४५,३१२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत ४ गते (17 March 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Om International Human Resources Pvt. Ltd.**
Lic No.: 1437/074/075, Basundhara, Kathmandu, Nepal, Tel : 01-4963646, 4980145
Mobile No: 9813995098, 9851003367.

## युएईमा रोजगार

कम्पनी: **POWER CLEANING SERVICES & BUILDING MAINTENANCE (L.L.C.)** शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/११/१९ चलानी नं.: ६०२३३९१२ L.T. No.: 319475

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Male Cleaner | 50 | 150 | स. काममा दक्ष | 900 | ३३,९८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: **RIZWAN ZAFAR BUILDING MAINTENANCE** शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/११/२३ चलानी नं.: ६०२३४२०९ L.T. No.: 319848

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labour | 12 | 0 | स. काममा दक्ष | 1000 | ३७,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: **AMAL ALJADEED BUILDING CLEANING SERVICES CO. L.L.C.** शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/११/२३ चलानी नं.: ६०२३४२०८ L.T. No.: 319847

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labour | 9 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३७,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Male Cleaners (External) | 2 | 0 | | 1000 | ३७,७६० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ चैत ४ गते (17 March 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**गोर्खा ह्युमन रिसोर्स सोलुसन प्रा. लि.** श्रम इजाजत नं. ७७९/०६५/०६६
Pulchowk, Lalitpur | Tel: 5409108 , 5450061 | Email:-gorkhahrs779@gmail.com
Mobile: 9849835502, 9818106406, 9813571379, 9802853456, Chitwan : 9865087111 Ithari : 9851060167, Pokhara: 9802853454

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, हरिवन शाखाको १५ दिने सार्वजनिक सूचना ।।

**(प्रकाशित मिति : २०८१/११/२६ गते)**

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले मिति २०८० साल चैत महिना २६ गतेको 'मध्यान्ह' राष्ट्रिय दैनिकमा सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएकोले मिति २०८१ साल पुस महिना २७ गतेको 'मध्यान्ह' राष्ट्रिय दैनिकमा धितो लिलाम बिक्री गर्ने सम्बन्धी २१ दिने सूचना प्रकाशित गर्दा समेत कसैको पनि बोलकबोल नपरेको साथै उल्लिखीत सूचनाको समयसिमा भित्र समेत ऋणीले कर्जा चुक्ता भुक्तान नगरेको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखीत धितोमा रहेको सम्पत्ति खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा हरिवन शाखामा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिँदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तीको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीँ कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगाावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल:**

| |
|---|
| **ऋणीको नाम, थर र ठेगाना :** |
| सोलजिम मियाँको छोरी, महमद जाकिर हुसेनको श्रीमती, सर्लाही जिल्ला, संग्रामपुर गा.वि.स. वडा नं. १ बस्ने **जमिला खातुन** । |
| **व्यक्तिगत जमानतकर्ताको नाम, थर र ठेगाना :** |
| महमद हुसेनको नाती, महमद जाकिर हुसेनको छोरा, सर्लाही जिल्ला, ईश्वरपुर गा.वि.स/न.पा वडा नं. ६ बस्ने **साजिद हुसेन अंसारी** । |
| महमदको नाती, महमद हुसेनको छोरा, सर्लाही जिल्ला, ईश्वरपुर गा.वि.स/न.पा वडा नं. ३ बस्ने **महमद जाकिर हुसेन** । |
| **धितो सुरक्षणको विवरण :** |
| **जमिला खातुन**को नाममा मालपोत कार्यालय सर्लाहीमा दर्ता श्रेस्ता कायम रहेको सर्लाही जिल्ला, इश्वरपुर गा.वि.स/न.पा वडा नं. २/क को कित्ता नं. ८७७ को ०-०-५ (वि-क-धु) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा वन्देजहरू :**

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा हरिवन शाखाबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
३. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
४. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको २:३० बजे प्रतिनिधिहरूको रोहबरमा प्राप्त बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
५. उल्लिखीत चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा हरिवन शाखामा सम्पर्क गर्न सकिने छ ।
६. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
७. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
८. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
९. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लिखीत रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन । (सोमा कुनै ब्याज रकम प्रधान गरिने छैन)
१०. इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरूले **२०८१ साल चैत्र महिना ११ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
११. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

**लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :**

**मिति : २०८१ साल चैत्र महिना १४ गते ।**
**स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।**
**समय : दिनको २:३० बजे ।**

**सानिमा बैंक** www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

## युएईमा रोजगार

कम्पनीः **DECAGON SCAFFOLDING CO. LLC** शहरः **ABU DHABI**
पुर्व स्वीकृत मितिः २०८१/०७/२९ चलानी नं.: ६०२२८०२१ L.T. No.: 313675 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolder | 38 | 0 | स. काममा दक्ष | 1200 | ४५,३१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ चैत ४ गते (17 march 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**प्रोटेक नेपाल इम्प्लोइमेन्ट प्रा. लि.**
श्रम इजाजत नं. ७९०/०६५/०६६
गोंगबु-६, काठमाडौं, नेपाल, फोनः ५९०६९२३, ५९०४९५१, Email : cv.protechnepal@gmail.com

## UAE मा रोजगार Dhahiah AL Seyouh Scafolding Cont. LLC

पुन विज्ञापन । पूर्व स्वीकृती मितिः २०८१/०८/१२ चलानी नं. ६०२२८७७५ LT.No. 314379

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Welding | 01 | 00 | काममा दक्ष | 1200 | ४५,५८४।- | नियम अनुसार | ८ घण्टा | ६ दिन | नियम अनुसार | छ | | २ वर्ष |
| २. | Steel Fixer | 02 | 00 | | 1200 | ४५,५८४।- | | | | | | | |
| ३. | Helper | 05 | 00 | | 800 | ३०,३८९।- | | | | | | | |
| ४. | Finishing Carpenter | 01 | 00 | | 1200 | ४५,५८४।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्योहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | निःशुल्क |

**अन्तरवार्ता २०८१ चैत ४ गते (17 Mar., 2025) यस प्रा. लि. कार्यालय बौद्ध, काठमाडौमा हुनेछ ।**

**लाल धनुष ईन्टरनेशनल सर्भिस प्रा. लि.**
महांकाल, बौद्ध, काठमाडौं, फोनः ०१-५२१००५६
श्रम इजाजत नं.: ५७६/०६२/६३

## युएईमा रोजगार

कम्पनी : **Saham Al Madinah Plaster Cont** शहर : UAE
पूर्व स्वीकृत मितिः २०८१/११/२५ चलानी नं.: ६०२३४२१४ LT. No.: 320040

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४५,३१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason. | 3 | 0 | | 1200 | ४५,३१२ | | | | | | | |
| 3. | Painter | 2 | 0 | | 1200 | ४५,३१२ | | | | | | | |
| 4. | Plumber | 4 | 0 | | 1200 | ४५,३१२ | | | | | | | |
| 5. | Steel Fixer | 2 | 0 | | 1200 | ४५,३१२ | | | | | | | |

कम्पनी : **Shams alhikma solar energy systems installations est.** शहर : UAE
पूर्व स्वीकृत मितिः २०८१/११/१५ चलानी नं.: ६०२३४२१६ LT. No.: 319437

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४५,३१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician Assistant | 5 | 0 | | 1000 | ३७,७६० | | | | | | | |
| 3. | Welder | 5 | 0 | | 1200 | ४५,३१२ | | | | | | | |
| 4. | Welder Assistant | 5 | 0 | | 1000 | ३७,७६० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत ४ गते (17 March 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**लिङ्क स्टार मेनपावर सर्भिसेज प्रा. लि.** श्रम ईजाजत पत्र नं. १०२५/०६८/६९
टोखा-१०, सामाखुसी, काठमाडौं, नेपाल, फोनः०१४९५७०४७, मोबाईलः 9705551551, 9761762121, 9816935532
Email: linkstarmanpower@gmail.com, Web: www.linkstar.com.np

### कुलमानले बुझाए स्पष्टीकरण

# ‘मलाई पूर्वाग्रहपूर्ण ढंगले स्पष्टीकरण सोधियो’

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ फागुन ।

नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयलाई सफाइ पेस गरेका छन् । गत बुधबार मन्त्रिपरिषद् बैठकको निर्णयअनुसार मन्त्रालयले मागेको उनीसँग माग गरेको ४ बुँदे स्पष्टीकरण पत्रको जवाफ दिँदै कार्यकारी निर्देशक घिसिङले आइतबार १६ बुँदे सफाइ पेश गरेका हुन् ।

मन्त्रालयले घिसिङलाई समयसीमा भित्र गत आर्थिक वर्षको कार्यसम्पादन पेश नगरेको, भारतसँगको विद्युत खरिद सम्झौता, उद्योगीसँग टिओडी मिटरको बक्यौता लगायतका विषयमा प्रश्न गर्दै स्पष्टीरकण सोधेको थियो ।

मन्त्रालयको पत्रको जवाफ दिँदै कार्यकारी निर्देशक घिसिङले आफूले विगतका आर्थिक वर्ष ०७८/७९ र ०७९/८० मा पनि क्रमशः ९४.२३ र ९८.९४ अंक प्राप्त गरेको गत आवको कार्यसम्पादन मूल्यांकन पनि साबिककै सरह पेश गरेको उल्लेख गरेका छन् । कार्यसम्पादन पेश गर्नुपर्ने समय सम्झौता पत्रमा नतोकिएको भन्दै विगतको अभ्यासका आधारमा पेश कार्यसम्पादन सम्झौताको मूल्यांकन पेश गरेको घिसिङले सफाइ पत्रमा उल्लेख गरेका छन् ।



सम्झौतापत्र वा नियुक्ति पत्र रद्द गर्ने सिफारिस गर्न सक्ने र त्यसरी गर्दा आफूलाई सुनुवाइको मौका दिनुपर्ने सम्झौतामा उल्लेख भएको घिसिङको जवाफमा उल्लेख छ । कार्यसम्पादन मूल्यांकन ढिलो पेश गरेको आधारमा सम्झौता रद्द गर्ने शर्त सम्झौतापत्रमा उल्लेख नभएको घिसिङले सफाइ पत्रमा उल्लेख गरेका छन् ।

मन्त्रालयले भारतसँग गरेको विद्युत विनिमय सम्झौताको विषयलाई लिएर उनलाई किन हटाउन नहुने भनी प्रश्न सोधेको थियो । सो प्रश्नको जवाफ दिँदै घिसिङले सन् १९९२ देखि नै प्राधिकरणको कार्यकारी प्रमुख भारतको सम्बन्धित पक्षसँगको वार्तामा सहभागी भई त्यस्तो सम्झौता गर्दै आएकाले अहिले सोही विषयलाई लिएर मन्त्रीले गरेको कारबाहीको सिफारिस पूर्वाग्रपूर्ण भएको बताएका छन् ।

साथै, मन्त्रालयको तर्फबाट सोधिएको उद्योगीहरूमार्फत् टिओडी मिटरका आधारमा बक्यौता उठाउन मन्त्रालयको निर्देशन किन कार्यान्वयन नभएको भनी सोधिएको प्रश्नमा घिसिङले छुट बिल वैधानिक भएको विषय अदालतका प्रमाणीकरण भएको र बिलको आधारमा उद्योगीलाई पत्राचार गरिएको कार्यकारी निर्देशक घिसिङले जवाफ दिएका छन् । त्यस्तै, उनको पत्रमा उद्योगका सञ्चालकको बैंक खाता, शेयर हस्तान्तरण, सर्वसाधारणलाई शेयर जारी गर्ने कार्य रोक्का गर्नको लागि सम्बन्धित निकायमा पत्र काटिएको र घरको लाइन काट्न विद्युत नियमन आयोगमा अनुरोध गरिएको, आयोगले उद्योगको लाइन नकाट्न निर्देशन दिएको उल्लेख छ । सोही विषयलाई लिएर आफूलाई गरिएको दोषारोपण पूर्वाग्रही भएको घिसिङको भनाइ छ ।

त्यस्तै, घिसिङलाई मन्त्रालयले सोधेको चौथो प्रश्न कार्यकारी निर्देशकले पालना गर्नुपर्ने आफ्नो काम र कर्तव्य पालना नगरेको भन्ने थियो । जसको जवाफ दिँदै उनले सो आरोप नै मनोगत रहेको, आफूले विगतमा गरेको कार्यसम्पादनका आधारमा आफ्नो कर्तव्य निष्ठापूर्वक पूर्णरूपमा पालना गरेको र आफूलाई सेवाबाट हटाउने, स्पष्टीकरण सोध्ने लगायतका कामकारबाही पूर्वाग्रहपूर्ण र अन्यायपूर्ण रहेको जवाफ दिएका छन् ।

# ३ करोडमुनिका योजना प्रस्ताव नगर्न अर्थमन्त्रीको आग्रह

**काठमाडौं/मस** – उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आर्थिक वर्ष २०८२/०८३ को बजेटका लागि तीन करोड रुपैयाँ भन्दा साना योजना तथा कार्यक्रम प्रस्ताव नगर्न आग्रह गरेका छन् ।

आर्थिक वर्ष २०८२/०८३ को बजेट निर्माण सम्बन्धी खानेपानी मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँगको छुट्टाछुट्टै छलफल कार्यक्रममा अर्थमन्त्री पौडेलले असंख्य योजना तथा कार्यक्रमबाट बाहिर आउन आग्रह गर्दै पूर्वतयारी सम्पन्न ठूला रुपान्तरणकारी एवम् राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रम प्रस्ताव गर्न जोड दिएका छन् ।



अर्थमन्त्री पौडेलले प्रदेश र स्थानीय तहले गर्न सक्ने कार्यक्रममा उनीहरूको भूमिका बढाउनु पर्ने र एक पटकका लागि सिडमोनी दिएर भए पनि प्रदेश र स्थानीय तहको कार्यक्षेत्रभित्रका आयोजना तथा कार्यक्रमहरू हस्तान्तरण गर्नुपर्ने पनि बताएका छन् ।

बजेट निर्माण सम्बन्धी बैठकमा खानेपानी मन्त्री प्रदीप यादव, संघीय मामिला मन्त्री राजकुमार गुप्ता, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्राडा शिवराज अधिकारी, अर्थ सचिव, राजस्व सचिव, खानेपानी सचिव, संघीय मामिला सचिव, विभागीय प्रमुख लगायत सहभागी भएका थिए । आर्थिक वर्ष २०८२/०८३ को बजेट निर्माण सम्बन्धमा अर्थ मन्त्रालयले यस अघि भौतिक, शहरी, ऊर्जा, स्वास्थ्य र उद्योग मन्त्रालयसँग छलफल गरिसकेको छ ।

## कर्पोरेट

# नारी दिवसको अवसरमा नेपाल एसबिआईद्वारा कार्यक्रम

**काठमाडौं/मस** – अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा नेपाल एसबीआई बैंक लिमिटेडले नेतृत्व सीप सम्बन्धी कार्यक्रम सम्पन्न गरेको छ । बैंकले काठमाडौं उपत्यकास्थित सम्पूर्ण शाखाका महिला कर्मचारीहरूलाई नेतृत्व सीप सम्बन्धी तालिमको आयोजना गरेको थियो ।



सो अवसरमा सम्पूर्ण महिला कर्मचारीहरूले नेतृत्व सीपलाई उजागर गर्दै अन्तर्राष्ट्रिय नारी दिवस मनाएका थिए । काठमाडौंमा आयोजित उक्त कार्यक्रममा विश्वव्यापी रूपमा प्रख्यात भारतीय अमेरिकी नेतृत्व विज्ञ प्रशिक्षक र लेखिका पायल नानजियानीले नेतृत्व सीप सम्बन्धी प्रशिक्षण दिएका थिए । कार्यक्रममा बैंकिङ क्षेत्रमा महिलाहरूको उपलब्धि, योगदान, महिला सशक्तिकरण र समावेशिताको विषयमा समेत चर्चा गरिएको थियो ।

# सिटिजन्स बैंकका ग्राहकले इलाइट डेन्टलमा छुट पाउने




**काठमाडौं/मस** – सिटिजन्स बैंक इन्टरनेशनलका ग्राहकले सामाखुसीको इलाइट डेन्टलले प्रदान गर्ने सेवामा छुट पाउने भएका छन् । बैंक र ईलाइट डेन्टल स्टुडियोबीच सिटिजन्स बैंकबीच भएको समझदारीअनुसार बैंकका ग्राहकहरूले सो स्टुडियोमा छुट पाउने भएका हुन् ।

समझदारी पत्रमा हस्ताक्षर पश्चात् सिटिजन्स बैंकका कार्डबाहक, प्रिभिलेज कार्डबाहक र मोबाइल बैंकिङ ग्राहकहरूले इलाइट डेन्टल स्टुडियोमा १५ प्रतिशत आकर्षक छुट पाउने बैंकले जनाएको छ । सो सहकार्यबाट बैंकका ग्राहकहरू लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबार तर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ । बैंकले डिजिटल बैंकिङ माध्यमहरूको प्रयोगलाई बढाउन र ग्राहकहरूलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साह गर्न समय समयमा ग्राहकमैत्री सुविधाहरू सञ्चालनमा ल्याउँदै आएको छ ।

# खल्ती एप ब्यालेन्स र डाटाबिना नै चल्ने

**काठमाडौं/मस** – डिजिटल वालेट ‘खल्ती’ले एनसेलसँग सहकार्य गर्दै आफ्नो प्रयोगकर्ताहरूका लागि डिजिटल पहुँच विस्तार गरेको छ । यस नयाँ सुविधा अन्तर्गत एनसेलका सिम भएका प्रयोगकर्ताहरूले ब्यालेन्स सकिँदा र डाटा नहुँदा पनि निस्फिक्री खल्ती एप चलाउन सक्ने भएका छन् ।




निःशुल्क खल्ती एप चल्ने भएका कारण इन्टरनेट पहुँच नपुगेको ग्रामीण भेगका व्यक्तिहरूले पनि डिजिटल सेवा मार्फत् सजिलै आफ्नो एनसेलको रिचार्ज साथै डाटा र भ्वाइस प्याकेज खरिद गर्न सक्ने कम्पनीले जनाएको छ ।

इन्टरनेट मार्फत् खल्तीमा रहेका साधा जनजीवनमा प्रयोग हुने बिजुली, खानेपानी, टिभी र अन्य घरेलु सेवा सुविधाको भुक्तानी, रेमिटेन्स, स्क्यान यान्ड पे देखि लिएर मुभी, इभेन्ट, खल्ती क्वीज जस्ता इनोभेटिफ सेवा सम्मको सुविधा प्रयोग गर्न पाउने छन् ।

# सामसङले ल्यायो नयाँ बिस्पोक एआई रेफ्रिजेरेटर

**काठमाडौं/मस** – सामसङ नेपालले गर्मी मौसमलाई ध्यानमा राख्दै आफ्नो नयाँ, स्मार्ट र स्टाइलिस बिस्पोक एआई डबल डोर रेफ्रिजेरेटर सार्वजनिक गरेको छ । सामसङको बिस्पोक एआई रेफ्रिजेरेटरले अत्याधुनिक कुलिङ प्रविधि, स्मार्ट उर्जा सञ्चय, र स्टाइलिस डिजाइनका साथ गर्मीलाई सहज बनाई यस सिजनको लागि उत्तम होम अप्लाएन्स बन्ने कम्पनीले उल्लेख गरेको छ । कम्पनीकाअनुसार बिस्पोकको विशेष फ्ल्याट डोर डिजाइन आधुनिक किचनको लागि उत्तम विकल्प हो । एआई एनेर्जी मोड, स्मार्टठिंगस् कनेक्सन, कन्भर्टएबल ५-इन-१ मोडहरू, र ट्वीन कुलिंग प्लस जस्ता एडभान्स फिचरहरू रहेको नयाँ बिस्पोक एआई रेफ्रिजेरेटरहरू आकर्षक, स्मार्ट र फ्लेक्सिबल पनि छन् ।




एआई एनेर्जी मोडले स्मार्ट एल्गोरिदमको प्रयोग गरी ऊर्जा खपतलाई अनुकूल बनाउँछ, जसले युजेज प्याटर्न अनुसार समायोजन गर्दै १० प्रतिशतसम्म ऊर्जाको बचत गर्न मद्दत गरी खर्च घटाउने मात्र होइन, दिगो जीवनशैलीमा पनि योगदान पुऱ्याउने कम्पनीले उल्लेख गरेको छ । नर्मल, सिजनल, एक्स्ट्रा फ्रिज, भेकेसन र होम अलोन् गरी आवश्यकताअनुसार प्रयोग गर्न मिल्ने पाँच भिन्न मोडहरू भएको यो रेफ्रिजेरेटरले ऊर्जा बचत र अधिकतम उपयोगिता सुनिश्चित गर्ने कम्पनीको दाबी छ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
राष्ट्रिय पशुपन्छी स्रोत ब्यवस्थापन तथा प्रवर्द्धन कार्यालय
गाई आनुवांशिक स्रोत केन्द्र, जिरी, दोलखा

**बोलपत्र आह्वानको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मितिः- २०८१/११/२६**

यस कार्यालय अन्तर्गत तपशिलमा उल्लेखित निर्माण कार्यको बोलपत्र आह्वान गर्नु पर्ने भएकोले सार्बजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp बाट Online Bidding गर्न सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S.N. | Contract No. | Description of work | Bid Security | Cost of Bidding Document |
|---|---|---|---|---|
| 1. | CGRC.JIRI/WORKS/ 2081–2082/NCB–03 | Construction of compound wall with fencing works at CGRC Jiri | 1,15,000 | 3,000.00 |

सिदिङ्वा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सीब्लाखु, ताप्लेजुङ, कोशी प्रदेश, नेपाल

**गाउँपालिकाद्वारा उपभोक्ता हित संरक्षणमा जारी सूचना**

**उद्योग तथा व्यवसायका लागि :**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।

*वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।*

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**